मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**घोषित मितिमै निर्वाचन गर्ने लक्ष्यसहित सरकार अघि बढ्दैछः प्रधानमन्त्री**

*समाचार पृठ ५ मा*



वर्ष ४ | अंक २४ | २०८२ साल मंसिर १९ गते शुक्रबार | Friday 05, December 2025 | सूर्योदय: बिहान ०६:३६ बजे | सूर्यास्त: साँझ ५:११ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## २२ दिने सरकारमा के के भयो ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कात्तिक २२ गते मधेशको प्रदेशसभा बैठकमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट मुख्यमन्त्री बनेका जितेन्द्र सोनलले विश्वासको मत लिने कार्यसूची थियो । प्रदेशसभा बैठकमा नेपाली कांग्रेस र नेकपा एमाले बाहेकका दलहरुले सोनललाई विश्वासको मत दिने पनि बताए । तर प्रदेशसभा बैठकमा दलका नेताहरु बोल्ने क्रम समाप्त भएपछि माओवादी केन्द्रका प्रदेशसभा सदस्य रहबर अन्सारीले प्रदेशसभामा रहेका प्रदेशसभा सदस्यहरुसँग सरकारको नेतृत्व गर्ने नैतिकता नरहेको र आफूले विश्वासको मत नदिने भन्दै अनुहारमा मोसो दले । त्यसलगत्तै माओवादीकै प्रदेशसभा सदस्य माला कर्णले पनि उनको



समर्थन गर्दै विश्वासको मत नदिने बताइन् ।
यसअघि जनमत पार्टी प्रदेशसभा सदस्यहरु सतिश कुमार सिंह र त्रिभुवन साह विश्वासको मत लिने प्रकृयामा सहभागी नहुने अभिप्रायले अनुपस्थित बसे । यद्यपि अहिले यी दुवै प्रदेशसभा सदस्यहरु जनमत पार्टी छोडिसकेका छन् । सत्तारुढ घटक दलहरुबाटै ४ जना प्रदेशसभा सदस्य विपक्षमा उभिएपछि सोनलले विश्वासको मत लिनुअघि नै राजीनामा दिए ।
सोनलले राजीनामा दिएको एकदिनपछि कात्तिक २३ गते तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदीले संविधानको धारा १६८को उपधारा ३ बमोजिम एमालेलाई सबैभन्दा ठूलो दलको हैसियतमा सरकार गठनका लागि अवसर दिन लागेको हल्लाका बीच कांग्रेससहित ७ दलीय गठबन्धन निर्माण भयो । र सातदलीय गठबन्धनले प्रदेश प्रमुख भण्डारीलाई संविधानको धारा १६८को उपधारा २ अनुसार सरकार गठनका लागि दाबी पेशका लागि आह्वान गर्न आग्रह गरे । तर त्यसको भोलिपल्ट कात्तिक २४ गते बिहान ४ बजे तत्कालीन प्रदेश प्रमुख भण्डारी स्वास्थोपचारको बहाना बनाउँदै

*समाचार पृठ २ मा*

## ‘एमालेले विश्वासको मत दिन्छ’

नेकपा एमालेले मधेशमा अब जुनसुकै दलको नेतृत्वमा सरकार बने पनि विश्वासको मत दिने भएको छ । पछिल्लो समय प्रदेशमा सरकार गठन भए पनि स्थिर हुन नसकेकाले सरकारलाई स्थायित्व प्रदान गर्न जुनसुकै दलको नेतृत्वमा सरकार बने पनि विश्वासको मत दिन तयार रहेको कामचलाउ मुख्यमन्त्री सरोजकुमार यादवले बताए ।
एमाले संसदीय दलको नेता समेत रहेका यादवले एमाले सरकारमा सहभागी नहुने तर बाहिरै बसेर प्रदेश सरकारलाई स्थायित्व प्रदान गर्ने आफूहरुको तयारी रहेको बताए । उनले भने, ‘२ महिनाभित्र तीन वटा सरकार बनेर प्रदेश अस्थिर भएको छ, अब जसको नेतृत्वमा सरकार बने पनि एमालेले स्थिरता र संघीयताको रक्षा गर्न विश्वासको मत प्रकृयामा सहभागी हुनेछ ।’
सर्वोच्च अदालतको परमादेशपछि प्रदेश सभामा विश्वासको मत लिने समयमा ७ दलीय गठबन्धनका प्रदेशसभा सदस्य बाहिरिएपछि उनले बुधबार प्रदेश सभामा राजीनामा घोषणा गरेका थिए । त्यसपछि प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले उनको राजीनामा स्वीकृत गर्दै संविधानको धारा १६८को उपधारा २ बमोजिम सरकार गठनका लागि शुक्रबार साँझ ५ बजेसम्म दाबी पेश गर्न समय दिएका छन् । सरकार गठनका लागि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट पूर्वमुख्यमन्त्री जितेन्द्र सोनल र नेपाली कांग्रेसबाट संसदीय दलका नेता कृष्णप्रसाद यादवमध्ये कुनै एक जनाले दाबी पेश गर्ने सम्भावना छ ।

## जाँदा जाँदै गरे नियुक्ति तथा निर्णय

मंसिर १५ गते सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन दिएको परमादेशपछि यादव विश्वासको मतका लागि तयारी गर्नुका साटो विवादित निर्णय गर्नुका साथै नियुक्ति गर्नमा व्यस्त देखिए । उनले मंसिर १६ गते पत्रकार सम्मेलन गरी विभिन्न निर्णय सार्वजनिक गरे । जसमा धानको न्यूनतम समर्थन मूल्य तोक्न संघ सरकारलाई आग्रह गर्ने, सुक्खा तथा मोन्था चक्रवातको प्रकोपबाट प्रभावित किसानलाई सम्बन्धित स्थानीय तहमार्फत क्षतिको विवरण संकलन तथा प्रमाणीकरण गराइ मधेश प्रदेश सरकारको राहतस्वरुप प्रतिकट्टा १ हजार ५ सय रुपैयाँका दरले राहत प्रदान गर्ने, स्नातक तह उत्तीर्ण बेरोजगार युवालाई मासिक २ हजार रुपैयाँका दरले बेरोजगारी भत्ता उपलब्ध गराउने, दलित तथा मुस्लिम समुदायका विद्यार्थीको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न स्नातकोत्तर अध्ययन गर्ने प्रतिविद्यार्थी एक लाख रुपैयाँका दरले छात्रवृत्ति उपलब्ध गराइने जस्ता लोभलाग्दो निर्णयहरु शामिल थिए ।
यसका साथै उनले दलित विकास समितिको उपाध्यक्षमा जितेन्द्र पासवानलाई नियुक्त गरे । पासवान एमालेका कार्यकर्ता हुन् । त्यस्तै, मदर्सा शिक्षा बोर्ड विधेयकलाई मन्त्रिपरिषद्बा सैद्धान्तिक सहमति प्रदान गर्ने जस्तो विवादित निर्णयसमेत शामिल थियो ।


## मधेश प्रदेशको मुख्यमन्त्रीमा कृष्ण यादव पक्का



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सात राजनीतिक दलको बसेको बैठकले मुख्यमन्त्रीको नामको टुङ्गो लगाएको छ। बैठकमा सहभागी एकजना नेताका अनुसार नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्ण यादवको नाउँमा सहमति जुटेका हुन्। मधेस प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले शुक्रबार ५ बजेसम्मका लागि नयाँ सरकार बनाउन समय सीमा दिएपछि बिहीबार दलहरूको बसेको बैठकले मुख्यमन्त्रीको विषयमा टुङ्गो लगाएको जसपा नेपालका सरोज कुमार यादवले जानकारी दिएका छन्। दलहरू बीचमा नामको विषयमा टुङ्गो लागेको र यसको घोषणा औपचारिक रुपमा भोलि गरिने उनले जानकारी दिए। यादवका अनुसार भोलि २ बजे प्रदेश प्रमुख समक्ष सात दलले दाबी पेश गर्नेछन्। सात दलमा कुनै किसिमले विवाद नरहेको र सात दलले सहमतिमै नेतृत्वको टुङ्गो लगाएको जनाइएको छ। सात राजनीतिक दलमा नेपाली कांग्रेस, माओवादी केन्द्र ,जसपा नेपाल ,लोकतान्त्रिक समाजवादी पार्टी ,जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र नेकपा एकीकृत समाजवादी पार्टी रहेका छन्। सात राजनीतिक पार्टीसँग प्रष्ट बहुमत रहेको कारणले सरकार बनाउनमा कुनै समस्या भने देखिएको छैन। स्रोतका अनुसार नेपाली कांग्रेसलाई मुख्यमन्त्री र जसपा नेपाललाई सभामुख दिने सहमति भएको छ ।

## ठूला भारतीय रुपैयाँ सटही हुने सम्भावना

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालमा अब १ सय रुपैयाँभन्दा ठूला दरका भारतीय रुपैयाँ चलनचल्तीमा आउने सम्भावना खुलेको छ । भारतीय केन्द्रीय बैंक—रिजर्भ बैंक अफ इन्डिया (आरबीआई) ले नेपालमा २०० र ५०० रुपैयाँसहित उच्च दरका भारतीय नोट सटही गर्न अनुमति दिएको हो । हाल नेपालमा १०० दरका भारतीय नोट मात्र प्रचलनमा छन् । तर नयाँ व्यवस्था तत्काल लागू हुने छैन । नेपाल राष्ट्र बैंकले यस सम्बन्धमा परिपत्र जारी गरेपछि मात्र ठूला दरका नोट खुलेर चलनचल्तीमा आउनेछन् ।
राष्ट्र बैंककै निर्देशनका कारण अहिलेसम्म १०० भन्दा माथिका दरका भारु सटहीमा प्रतिबन्धित छ ।
भारतमा अहिले १००, २००, ५०० र २,००० दरका नोट प्रचलनमा भए पनि २०२३ पछि २,००० दरका नोट छापिँदै आएका छैनन् । नयाँ निर्णयले विशेष गरी २०० र ५०० दरका नोट नेपालमा सहज रूपमा सटही गर्न मार्गप्रशस्त गरेको छ ।





**महादेव मन्दिर र शिवलिङ्गः** धनुषाको शहिदनगर नगरपालिका–६ हठिपुरस्थित मङ्गलेश्वर महादेव मन्दिर र मन्दिरमाथि निर्माण गरिएको शिवलिङ्गको प्रतिमा । तस्बिरः रासस

# हेटौँडाका ९ वटा वडामा महिला हिंसाविरुद्धको सडक नाटक देखाइँदै



**मधेशदृष्टि**
**हेटौँडा ।**
हेटौँडा उपमहानगरको प्रवद्र्धनमा उज्वल भविष्य नेपालले महिला हिंसाविरुद्धको सन्देश दिन सडकनाटक ‘द्वाक द्वाक’ प्रर्दशन गर्ने भएको छ ।
संस्थाले बिहीबार साँझ पत्रकार सम्मेलन गरेर दिएको जानकारी अनुसार सडकनाटक हेटौँडा उपमहानगरका ९ वटा वडामा प्रदर्शन गरिने छ । विद्यालय परिसर र आसपासका चोकमा नाटक प्रदर्शन गर्न लागिएको हो ।
शुक्रबार हेटौँडा–१ स्थित अमर माविमा देखाइने नाटक आइतबार हेटौँडा–२ को सिद्धार्थ मावि, सोमबार हेटौँडा–४ को श्रमिक मावि, मंगलबार हेटौँडा–५ को बालज्योति मावि र बुधबार हेटौँडा–८ को चन्द्रोदय मावि परिसरमा देखाइने छ । यस्तै, बिहीबार हेटौँडा–९ को प्रगति मावि, शुक्रबार हेटौँडा–१० को बुद्ध चोक आसपास, मंसिर २७ गते हेटौँडा–११ को सुकुम्बासी टोल र मंसिर २८ गते हेटौँडा–१५ को रातोमाटेमा देखाइने कार्यक्रम संयोजक राजुराम राउतले जानकारी दिए ।
आशाकाजी श्रेष्ठले लेखेको नाटक अमर गुरुङले निर्देशन गरेका हुन् । नाटकमा कुमार शाह, निता लामा, सुस्मिन गुरुङ, अन्तिमा लामालगायत १६ जना कलाकार छन् ।

# उधौली लागेसँगै भेँडाबाख्रा लिएर उधो झरे गोठाला



**प्रतीक्षाआले**
**गोरखा ।**
उधौली लागेसँगै लेकका गोठ उधो अर्थात् बेँसीतर्फ झार्न शुरु गरेका छन् । जिल्लामा सबैभन्दा बढी भेँडा पालन हुने चुमनुब्री गाउँपालिका–३ का २५ हजार भेँडाबाख्रा बेँसी झारिएको वडासदस्य विकास गुरुङले जानकारी दिए ।
चुमनुब्री–३ साविक सिर्दीबास गाविसको पाङसिङ जिल्लाको सबैभन्दा बढी भेँडा पालन हुने गाउँ हो । यहाँबाट दैनिक जगत हुँदै लावालस्कर लागेर भेँडा गोरखा, धादिङ, लमजुङका बेँसीतिर लैजान थालिएको स्थानीय स्वास्थ्यकर्मी लक्ष्मण कार्कीले बताए । ‘बुधार मात्रै ३०० जति भेँडा तल झारेका थिए । बिहीबार तीन जना गोठालाका ३४० वटा भेँडा एकैपटक लावालस्कर लाएर तल झारिरहेका छन्,’ उनले भने, ‘गोठालाहरू कुकुरसहित टोली बनाएर हिँड्छन् । बाटोबाटो भेँडा बेच्दै गुजारा चलाउँदै वैशाख लागेपछि नबिकेका भेँडाको बथान लिएर गाउँ फर्कन्छन् ।’
पाङसिङका १ सय ५० घरधुरीमध्ये करिब ७० घरका किसानले भेँडाबाख्रा पालन गरेका वडासदस्य गुरुङले जानकारी दिए । ‘भेँडाबाख्रा लेकको गोठबाट पाङसिङ गाउँमा झार्न थालेको एक महिना भयो । अहिले पाङसिङबाट तल झार्न थालिएको छ,’ उनले भने, ‘यहाँबाट खोर्ला, सिङ्ला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लमजुङतिर झारिन्छ । कोही गोठालाले आर्खेत, आरुघाट, मान्बु हुँदै धादिङसम्म झार्ने चलन छ ।’ भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रका अनुसार चुमनुब्रीमा १६ हजार ५ सय भेँडा र आठ हजार ५ सय बाख्रापालन गरिन्छ । त्यस्तै छ हजार ५ सय याक तथा चौरी पालन हुँदै आएको केन्द्रका प्रमुख अनन्त कोइरालाले जानकारी दिए । लेकबाट बेँसी झार्ने पनि मौलिक परम्परा छ ।
‘लेकको गोठबाट बेँसी झार्ने बेला राम्रो बार हेरेर शुरु गरिन्छ । लेकको गोठबाट पनि एकै दिनमा बेँसी झार्दैनन् । हावापानीसँग घुलमिल गराउँदै एक महिना लगाएर गाउँसम्म ल्याइपुर्याउँछन्,’ पाङसिङका विकास गुरुङले भने, ‘गाउँमा झारिसकेपछि यहाँबाट अन्यत्र लैजान चाँही विधिपूर्वक पूजाबिहीबारा गरी साइत गर्ने चलन छ ।’
अहिले धमाधम गाउँबाट जगत, तातोपानी, खोर्ला, माछाखोला, आरुघाटतिर भेँडा लैजान थालिएको उनले बताए । ‘अहिले बेँसी झारिएका भेँडाबाख्रा आगामी जेठ दोस्रो साता उभौली लागेपछि लेकको गोठतिर पुर्याउन तालिन्छ,’ उनले भने ।
‘शरीरमा बाक्लो रौँ हुने भएकाले याक चाँही लेकमा छोड्छन् । पातलो रौँ हुने भएकाले चौँरी मात्र बेँसी झार्ने चलन छ,’ चुमनुब्री–७ का वडाध्यक्ष टाँसी दोर्जे लामाले भने, ‘बेँसी झार्दा पनि र पछि जेठको दोस्रो सातातिर लेक लैजाँदा पनि लामाले साइत हेरेर विधि पुर्याएपछि लैजाने चलन छ ।’
भेँडाबाख्रा पालन गर्ने किसान बढी भएकाले चुमनुब्री–३ मा गोठालालाई प्रोत्साहन कार्यक्रम लागू गरिएको छ । ‘गोठालालाई प्रोत्साहन गर्न गोठमा जाने बाटो मर्मत, खानेपानीको व्यवस्था, बस्न त्रिपाल, सोलार बत्ती, गमबुट, स्लिपिङ ब्याग वितरण गरेका छौँ,’ चुमनुब्री–३ का वडाध्यक्ष रामकुमार गुरुङले भने, ‘गाउँपालिकाको ८० प्रतिशत र गोठालाको २० प्रतिशत लागत साझेदारीमा यो कार्यक्रम बर्सेनि गर्ने गर्छौँ ।’ पालिकाले किसानलाई प्रोत्साहन दिन कार्यक्रम सञ्चालन गरे पनि बर्सेनि भेँडाबाख्रा पालन गर्ने किसानको संख्या घटिरहेको उनको भनाइ छ । रासस

# ठेकेदारको लापरबाहीले कोट अस्पताल पाँच वर्षदेखि अलपत्र

**भोजपुर ।**
टेम्केमैयुङ गाउँपालिका–७ कोटमा निर्माणाधीन अस्पताल भवनको काम पाँच वर्षदेखि अलपत्र बनेको छ । काम छाडेर ठेकेदार सम्पर्कविहीन बनेपछि अस्पताल निर्माण अलपत्र बनेको हो । विसं २०७८ मा दुई वर्षभित्र सम्पन्न गर्नेगरी १५ शैय्याको अस्पताल निर्माण थालिएको थियो । ठेकेदारले मैदान सम्याएर, कम्पाउण्ड र रिटेनिङ वाल मात्र लगाएर सम्पर्कविहीन भएपछि स्थानीय निराश भएका छन् ।
अस्पताल सम्झौता अनुसार २०८० सालको असारमा सम्पन्न गर्नेगरी भूमि हिमालयण जेभीले निर्माणको जिम्मा लिएको थियो । सम्झौता अवधि सकिएको दुई वर्ष बितिसक्दा पनि हालसम्म १० प्रतिशत मात्र काम गरेर ठेकेदार विवेश कार्की सम्पर्कविहीन बनेका गाउँपालिकाले जनाएको छ ।
अस्पताल निर्माणको कूल लागत भ्याटबाहेक दश करोड १३ लाख ८३ हजार रुपैयाँ रहेको छ । हालसम्म निर्माण कम्पनीले ९१ लाख रुपैयाँ भुक्तानी लगेको गाउँपालिकाले जनाएको छ । खेती गरिरहेको जग्गा अस्पताल निर्माणका लागि दिएका स्थानीयले काम अलपत्र बनेपछि ठेकेदारलाई कारबाहीको माग गरेका छन् । काममा लापरबाही गर्ने ठेकेदारलाई कानुनी दायरामा ल्याएर कारबाही गर्नुपर्ने माग रहेको स्थानीय भवानी नेपालले बताए ।
‘अस्पताल निर्माण पाँच वर्षबदेखि अलपत्र छ,’ उनले भने, ‘अस्पताल बनेर सेवा पाइएला भन्ने आशामा जग्गा दिएका थियौँ । अहिले काम अलपत्र बनेपछि हामी निराश बनेका छौँ । सरकारले ठेकेदारलाई कारबाहीको दायरामा ल्याएर काम सञ्चालन गर्न हामी माग गर्दछौँ ।’
देशविदेशमा रहेका कोटबासी तथा स्थानीयसँग समन्वय गरेर १३ दशमलव पाँच रोपनी जग्गा अस्पताल निर्माणका लागि प्रदान गरिएको स्थानीय योगेन्द्र कटुवालले बताए । स्थानीयसँग रकम सङ्कलन गरेर जग्गा खरिद गरिएको उनको भनाइ छ ।
‘अस्पताल बन्ने आशामा देशविदेशमा रहेका तथा स्थानीयसँग समन्वय गरी रकमको व्यवस्थापन गरेर जग्गा प्रदान गरेका हौँ,’ उनले भने, ‘अहिले खेती गरिरहेको जग्गा बाँझिएको छ । लामो समयसम्म पनि अस्पताल बनेन् ।’
गाउँपालिकाले अस्पताल भवन समयमा सम्पन्न गराउन पटकपटक समन्वय गरे पनि निर्माण कम्पनी सम्पर्कमा नआएको टेम्केमैयुङ गाउँपालिकाका अध्यक्ष सरोज बस्नेतले बताए । ठेकेदारले लामो समयदेखि काम अपलत्र पारेकाले गाउँपालिकाले उक्त कम्पनीलाई कारबाहीको प्रक्रिया अघि बढाउने तयारी गरिरहेको उनले जानकारी दिए ।
‘ठेकेदारका कारण कोट अस्पताल निर्माण अलपत्र बनेको छ,’ अध्यक्ष बस्नेतले भने, ‘कामलाई शीघ्र अघि बढाउन पालिकाको तर्फबाट पटकपटक ताकेता गर्दा पनि ठेकेदार सम्पर्कमा आएन । अब भने कारबाहीको थप प्रक्रिया अघि बढाउने तयारीमा छौँ ।’ यहाँ अस्पताल बनेपछि टेम्केमैयुङ–६,७, ५ ८ र ९ का स्थानीय लाभान्वित हुनेछन् ।

# नरिवलको व्यावसायिक खेती शुरु



**झापा ।**
समुन्द्री तटीय क्षेत्रमा व्यापक मात्रामा हुने नरिवलको खेती झापामा शुरु गरिएको छ । मेचीनगर नगरपालिका–४ का रवि नेपालले परीक्षणको रुपमा नरिवलको व्यावसायिक खेती शुरु गरेको हो ।
पहिलो चरणमा यस वर्ष एक बिघा क्षेत्रफल जग्गामा नरिवलका ३ सय बिरुवा लगाएको उनले बताए । बिरुवा रोपेको कम्तीमा नौ वर्षपछि नरिवलले फल दिन थाल्नेछ । जङ्गली हात्तीको उपद्रो बढेसँगै वैकल्पिक खेतीको रुपमा धान खेत मासेर चिया, तेजपत्ता, मरिच, सुपारी लगायतका विभिन्न खेती गर्दै आएका उनले पहिलो पटक नरिवलको व्यावसायिक खेती गरेका छन् ।
‘बारीमा पहिल्यैदेखि छ वटा नरिवलका रुख हुर्किएर फल दिइरहेका थिए,’ उनी भन्छन्, ‘एउटै बोटबाट वर्षेनी १७ हजारभन्दा बढी आम्दानी दिइरहेको छ, अब व्यावसायिक उत्पादनका लागि धेरै मात्रामा बिरुवा रोपेको छु ।’
समुन्द्र सतहदेखि एक हजार मिटरसम्मको जमिनमा नरिवल खेती फस्टाउने कृषि विज्ञहरुको भनाइ छ । झापामा सयौं वर्षदेखि आफ्नो बारीमा थोरै मात्रामा नरिवल हुर्काउने चलन छ । तर, व्यावसायिक उत्पादनका दृष्टिले धेरै जग्गामा नरिवलखेती गर्ने उन कोशी प्रदेशकै पहिलो कृषक हुन् । आगामी वर्ष ७ सय नरिवलका बिरुवा लगाउने तयारी गरेको उनले बताए । ‘नरिवलको फल नपाक्दै काँचैमा पनि बिक्री हुन्छ,’ उनले भने, ‘बजारको कुनै समस्या छैन, उत्पादन गर्न सके बोटबाटै बिक्री हुन्छ ।’
नेपालमा हाल काँचो नरिवलको समेत उच्च माग छ । नरिवलको रस स्वास्थ्यवर्धक भएकाले भारतबाट आयात गरेर नेपाली बजारमा यसको बिक्री हुँदै आएको छ । सुकेको नरिवलको फलको मूल्य झन् उच्च छ । काँचो नरिवल बोटबाटै ९० रुपैयाँदेखि १ सय रुपैयाँसम्ममा बिक्री हुने गरेको कृषकहरु बताउँछन् । त्यही नरिवल बजारमा व्यापारीहरुले २ सय ५० रुपैयाँसम्ममा बिक्री गर्दै आएका छन् ।
सुपारी जोन झापाका पूर्व अध्यक्ष निलकण्ठ तिवारीले बहुउपयोगी गुण भएको नरिवलखेतीतर्फ किसान आकर्षित हुनु सुखद् खबर भएको बताए । उनले पानी नजम्ने प्रशस्त प्राङ्गरिक पदार्थ भएको खुकुलो माटोमा नरिवल राम्रोसँग फस्टाउने बताए ।
विगत तीन वर्षदेखि धुलाबारी चोकमा नविरल पानी बेच्दै आउनुभएका हरिदेव सरदारले स्थानीय उत्पादन नभएका कारण भारतबाटै काँचो नरिवल ल्याउने गरेको बताए । उनले दैनिक १ सयदेखि १ सय ५० सम्म नरिवलको रस बेच्दै आएका छन् । बोट रोपेको नौदेखि १० वर्षमा नरिवलले फल दिने बताइएको छ ।

# २२ दिने सरकारमा के के...

काठमाडौँका लागि निस्किइन् र सोही दिन बिहान ५ बजे मुख्यमन्त्रीको रुपमा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई महोत्तरीको बर्दिबासमा एक होटेलमा शपथ ग्रहण गराइन् ।
मुख्यमन्त्रीको शपथ खाएसँगै उनले एमालेबाट लखन दास, राप्रपाबाट कञ्चन बिच्छा र नेपाल संघीय समाजवादी पार्टीबाट बिमला अन्सारीलाई बिनाविभागिय मन्त्रीमा नियुक्त गर्नुका साथै शपथ ग्रहण गराएका थिए । सोही दिन कात्तिक २३ गते नै यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरिएको पत्र बाहिरिएको थियो ।
एमालेका सरोज यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरिएपछि सातदलीय गठबन्धनका नेताहरु आन्दोलित भएका थिए । मुख्यमन्त्रीमा नियुक्त भएका यादवलाई मधेश भवनमा प्रवेश गर्न रोक नै लगाए । कात्तिक २४ गते सातदलीय गठबन्धनको आन्दोलनका कारण पदभार ग्रहण गर्न नसकेका यादवले कातिक २५ गते अबेर साँझ पदभार ग्रहण गरेका थिए ।
कात्तिक २५ गते नै सातदलका तर्फबाट ७४ प्रदेशसभा सदस्यहरुले सर्वोच्च अदालतमा पुगेर मुख्यमन्त्री नियुक्तिको बिरोधमा सर्वोच्च अदालतमा रिट दर्ता गराएका थिए ।
रिटको सुनुवाई गर्दै सर्वोच्चले मंसिर २ गते दीर्घकालीन तथा नीतिगत कुनै पनि निर्णय नगर्न आदेश सुनाएको थियो । पछि सर्वोच्चले मंसिर १५ गते मुख्यमन्त्री यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन आदेश सुनायो, जसमा उनी मंसिर १७ गते विफल भए ।
कात्तिक २४ गते मुख्यमन्त्रीको शपथ लिएका यादवले कात्तिक २९ गते भारतीय दूतावासविरुद्ध अभिव्यक्ति दिएर नेपाली राजनीतिलाई नै तरंगित बनाए । उनले मधेश सरकारलाई अस्थिर बनाउन भारतीय दूतावासले षड्यन्त्र गरिरहेको आरोप लगाएका थिए ।

# धानको कुन्यूसँगै जल्यो मुसहर परिवारको सपना



**सिरहा ।**
सिरहाको धनगढीमाई–३ कुर्वा गाउँको सानो मुसहर बस्तीमा यतिबेला सन्नाटा छाएको छ । जाडो मौसमसँगै बिहानीको हावा जति चिसो छ, बस्तीको रमेशी सदायको मन त्यसभन्दा धेरै चिसिएको छ । बुधबार दिउँसो घर आँगनको छेउमा चुपचाप बसिरहेका उनि वर्षभरि पसिना बगाएर फलाएको धान एकैरातमा खरानी बनेको क्षण सम्झिँदै टोलाइरहेका थिए ।
पाँच जनाको परिवार रहेको ७२ वर्षीय रमेशी र उनको घरपरिवारका आँखा चार दिनसम्म पनि  ओभाएको सकेको छैन । अज्ञात समूहले शनिबार खेतमा रहेको कुन्यूमा आगजनी गरेपछि विपन्न मुसहर परिवारमाथि बज्रपात परेको छ । करिब १४ क्विन्टल धान जलेर खरानी भएपछि सदाय परिवारको वर्षभरिको अन्नको जोहो गर्ने सपना पनि खरानी भएको छ । मानो रोपेर मुरी उब्जाएको त्यो अन्नसँग वर्षभरि पेट पाल्ने आशा पनि थियो । खडेरीका बेला अतिरिक्त पैसा तिरेर सिँचाइ गरी दुई दिन लगाएर छोरा–बुहारीसहित काटेको धान भित्र्याउन नपाउँदै मध्यरातमा कसैले आगो लगाएपछि धानसँगै यो परिवारको सपना पनि जलेको हो ।
'खडेरीका बेला अतिरिक्त रकम तिरेर छिमेकीको बोरिङबाट सिँचाइ गरेँ । दुःख गरेर रोपेको धान भित्र्याउन नपाउँदै एकैरातमा खरानी बनाइयो', एकछिन आवाज अवरुद्ध गर्दै सदायले भने, 'अब हामी के खाएर बस्ने ? हामीले कसको के बिगारेका थियौँ र ? गरिबको हातले उब्जाएको अन्नको के दोष थियो ? नाति, छोराबुहारीसहित पाँच जनाले वर्षदिन खाने अन्न नै जलाइदिएर हामी गरिबमाथि ठूलो अन्याय गरे ।'
सदायकी श्रीमती भुल्लीदेवी सदायका अनुसार १३० वटा बोझा (बिटा) बनाएर त्रिपाल बिछ्याई धानको कुन्यू लगाइएको थियो । आठ कट्ठा खेतको करिब १६ क्विन्टल धान भित्र्याउन नपाउँदै जलेर नष्ट भएको उनले बताए ।
बाबुआमासँग बस्दै आएका कान्छा छोरा लाले सदाय पनि दुःख गरेर फलाएको धान भित्र्याउन नपाउँदै शत्रु लागेको बताउछन । 'साँझ पर्न लागेकाले कुन्यू बनाएर १३० बोझा राखेका थियौँ । भोलिपल्ट बोरामा हालेर घर ल्याउने तयारी थियो, तर बिहान पुग्दा एक गेडा धान पनि बाँकी रहेन । मान्छेले कसरी यस्तो गर्न सक्छ ? यो प्रश्नले रात–दिन सताइरहेको छ', उनले भने,'त्यो १६ क्विन्टल धान अन्न मात्र थिएन, त्योसँग वर्षभरिको पराल, गुइँठा, चामल, चाडपर्व, छोरोको शैक्षिक खर्च जस्ता थुप्रै योजनाहरू जोडिएका थिए ।'
सदाय परिवारले आगलागी भएको कुन्यू नजिकै मदिरा पसल चलाउने आशाकुमार रायसहित अन्य केही व्यक्तिविरुद्ध भोलिपल्टै प्रहरीमा उजुरी दिएपछि घटनाको अनुसन्धान भइरहेको छ ।
जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार स्थानीय प्रहरी टोलीले घटनास्थलमा पुगेर कागजी प्रमाणसहित सूक्ष्म अनुसन्धान गरिरहेको छ । 'धनगढीमाईस्थित इलाका प्रहरी कार्यालयमा कुर्वा गाउँका आशङ्का गरिएका पाँच जनालाई बोलाई सोधपुछ गरिएको छ र उनीहरूलाई दैनिक हाजिरीमा राखिएको छ', उनले भने ।
धनगढीमाई–३ का वडाध्यक्ष वीरेन्द्रकुमार साह विपन्न मुसहर परिवारले उब्जाएको धानमा गरिएको आगजनीलाई अक्षम्य अपराध भएको बताउछन । उन भन्छन, 'जो–जसले गरे पनि गरिबको पेट जलाउनु अक्षम्य अपराध हो । जस्तोसुकै रिसइवी भए पनि खाने अन्न जलाउनु हुँदैनथ्यो । प्रहरीले जसरी भए पनि अपराधी पत्ता लगाएर कारबाही गर्नुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ ।'
वडाध्यक्ष साहका अनुसार नगरप्रमुख शिव शङ्कर महतोसहितको टोलीले घटनाको भोलिपल्ट घटनास्थल निरीक्षण गरेको थियो । त्यस क्रममा नगरप्रमुख महतोले पीडितलाई उचित राहत उपलब्ध गराउने आश्वासन दिएका थिए ।
सदाय परिवारले पनि यो पीडालाई केवल अन्न जलन मात्र होइन, विपन्नतामाथि भएको निर्मम प्रहारको रूपमा लिएको छ । यो परिवार घटनामा जोडिएका व्यक्तिलाई कारबाही, सम्बन्धित निकायबाट तत्काल राहत र न्यायको पर्खाइमा छ ।रासस

# किर्ते पत्र देखाएर पद जोगाउन खोजेका भन्दै कारबाही गर्न पत्राचार



**मधेशदृष्टि**
**बारा ।**
भ्रष्टाचार मुद्दामा निलम्बनमा परेका जीतपुर सिमरा उपमहानगरपालिका–३ का वडाध्यक्ष ताराबहादुर कार्कीले सर्वोच्च अदालतको कागजपत्र नक्कली बनाएको तथ्य बाहिरिएको छ। उनले गत बुधबार सर्वोच्चबाट सफाइ पाएको दाबी गर्दै उपमहानगरमा पुनर्बहालीका लागि निवेदन दिएका थिए । तर उपमहानगरले सत्यापनका लागि सर्वोच्चसँग सोध्दा उक्त कागजपत्र किर्ते भएको पुष्टि भएको हो ।
सर्वोच्च अदालतले पठाएको पत्रमा कार्कीविरुद्धको 'घुस प्रकरण' विशेष अदालतमा फैसला नभई हाल पनि नियमित पेसीमा रहेको उल्लेख छ ।
अदालतका अनुसार ०८१–अच्–०६२२ नम्बरको मुद्दा २०८१ असोज ४ गते दायर भएकाले हालसम्म कुनै निर्णय भएको छैन । साथै, भदौ २३ र २४ गते 'जेन्जी आन्दोलन'का क्रममा मुद्दासम्बन्धी केही कागजपत्र जलेर नष्ट भएकोसमेत हालसालैको पेसीमा उल्लेख छ ।
यही अवस्थाको मौका छोप्दै कार्कीले सर्वोच्चको लेटरप्याड, छाप र शाखा अधिकृत योगेन्द्र पराजुलीको हस्ताक्षरसहित 'सफाइ पाएको' नक्कली फैसला तयार पारेको उपमहानगरले जनाएको छ । उनले भदौ २० गते सफाइ पाएको बताइए पनि भदौ २२ कै मितिमा उपमहानगरमा पत्र बुझाएको पाइएपछि शंका झनै बढेको थियो ।
उपमहानगरले छानबिन अघि बढाएपछि सर्वोच्चले पनि उक्त कागजपत्र किर्ते भएको पुष्टि गरिदिएको हो ।
कार्की २०८१ माघ १० गते विशेष अदालतबाट घरबाटो सिफारिसमा ५ लाख रुपैयाँ घुस लिएको आरोपमा निलम्बनमा परेका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनलाई घरमै नगदसहित पक्राउ गरी मुद्दा दायर गरेको थियो ।
घटना सार्वजनिक भएपछि जीतपुर सिमरा उपमहानगरपालिकाले नक्कली कागज बनाएको अभियोगमा कार्कीविरुद्ध छानबिन र कारबाहीका लागि इलाका प्रहरी कार्यालय सिमरालाई पत्राचार गरेको छ ।
उपमहानगर प्रमुख राजन पौडेलले सर्वोच्चद्वारा नै किर्ते प्रमाणित भइसकेकाले औपचारिक रूपमा प्रहरीसमक्ष उजुरी गरिएको बताए ।
यसैबीच, इलाका प्रहरी कार्यालय सिमराका प्रमुख वेदप्रकाश जोशीले मुद्दाको सक्कल कागजपत्र माग गरेर अनुसन्धान सुरु गरिने जानकारी दिए । उनका अनुसार वडाध्यक्ष कार्की हाल फरार छन् र खोजतलास जारी गरिएको छ ।

# जेन्जी आन्दोलनका क्रममा तोडफोडमा संलग्न दुई पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
भदौ २३–२४ गते जेन्जी आन्दोलन हिंसात्मक बनेपछि सरकारी तथा सार्वजनिक सम्पत्तिमा गरिएको तोडफोड र आगजनीका घटनामा संलग्न दुई व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता तथा डीएसपी विष्णुप्रदीप बस्यालका अनुसार पक्राउ पर्नेमा चन्द्रपुर नगरपालिका–४ का ३२ वर्षीय दीपक बस्नेत र वडा ८ का ४३ वर्षीय हरिनारायण चौधरी रहेका छन् । उनीहरूलाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको टोलीले बुधबार साँझ पक्राउ गरेको हो ।
प्रहरीका अनुसार आन्दोलनको आवरणमा इलाका प्रहरी कार्यालय चन्द्रपुर र त्यहाँ रहेका सवारीसाधनमा व्यापक तोडफोड तथा आगजनी गराइएको थियो । पक्राउ परेका दुवैजनाविरुद्ध आपराधिक उपद्रवसम्बन्धी कसुरमा रौतहट जिल्ला अदालतबाट म्याद थप गरी हिरासतमा राखेर विस्तृत अनुसन्धान भइरहेको प्रवक्ता बस्यालले बताए ।
आन्दोलनका क्रममा सार्वजनिक तथा सरकारी संरचनामा भएको क्षतिबारे थप संलग्न व्यक्तिहरू र योजनामाथि पनि अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । भदौ २४ गतेको प्रदर्शनमा जिल्ला सदरमुकाम गौर, गरुडा, चन्द्रपुर, कटहरिया, फतुवा विजयपुरलगायतका क्षेत्रहरूमा सरकारी कार्यालय, निजी भवन र सम्पत्तिमाथि तोडफोड तथा आगजनी हुँदा करोडौँको क्षति पुगेको प्रारम्भिक अनुमान छ ।

# जङ्गली हात्तीको आक्रमणमा कृषकको मृत्यु

**सप्तरी**
सप्तरीको कञ्चनरूप नगरपालिका–५ पिपरामा जङ्गली हात्तीको आक्रमणबाट एक स्थानीय वृद्धको निधन भएको छ । बिहीबार बिहान आफ्नो खेतमा पुगेका ६५ वर्षीय नारायण खंगलाई हात्तीले आक्रमण गर्दा घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ । प्रहरीका अनुसार खंग आफ्नो घरदेखि करिब २ किलोमिटर पश्चिममा रहेको खेतमा काटिएको धान रुङ्न गएका थिए । त्यही क्रममा जङ्गली हात्तीको आक्रमण हुँदा शरीरका विभिन्न भागमा गम्भीर चोट लागेर उनको मृत्यु भएको हो । आक्रमण कहिले भएको हो भन्ने एकिन नभए पनि राति नै घटना घटेको प्रारम्भिक अनुमान रहेको डिएसपी माधवप्रसाद काफ्लेले बताए । मृतकको शव परीक्षणका लागि राजविराज पठाइएको छ भने घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ ।

# बजाज एक्सचेन्ज महामेलाः साहलाई थाइल्यान्ड ट्रिपको टिकेट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा जारी बजाज एक्सचेन्ज महामेलामा एक जनाले थाइलयान्ड भ्रमणको टिकेट जित्न सफल भएका छन् । जनकपुरधामको रंगभूमि मैदानमा मंसिर १६ गतेदेखि मंसिर २२ गतेसम्म चल्ने एक्सचेन्ज महामेलामा ३ जना भाग्यशाली विजेताका लागि थाइल्यान्ड भ्रमणको टिकेट पुरस्कारस्वरुप राखिएको ओम अटो जनकपुरधामका संचालक सन्तोष साहले बताए । जसमध्ये एकजना भाग्यशाली विजेताले महामेलाको तेस्रो दिन बिहीबार थाइल्यान्ड ट्रिपको टिकेट जितेका छन् ।
बजाज एक्सचेन्ज महामेलामा १५० सिसीको पल्सर खरिद गरेका द्वारिका प्रसाद साहले लकी ड्रमार्फत थाइल्यान्ड ट्रिप जित्न सफल भएको उनले बताए । बाँकी २ जना भाग्यशाली विजेताको नाम महामेलाको अन्मित दिन घोषणा गरिने ओम अटोका सञ्चालक साहले बताए । महामेलामा जुनसुकै कम्पनीका पुराना मोटरसाइकल एक्सचेन्ज गर्न सकिने व्यवस्था छ ।

# ४०३ परिवार ग्रामीण विद्युतीकरण कार्यक्रमबाट लाभान्वित



**सर्लाही ।**
सामुदायिक तथा ग्रामीण विद्युतीकरण कार्यक्रमबाट मधेशका ४ सय ३ परिवार लाभान्वित भएका छन् । महिला, विपन्न र सीमान्तकृत समुदायको आर्थिक उपार्जनका लागि भन्दै एसियाली विकास बैंकको सहयोगमा मधेशका आठ जिल्लाका आठ पालिकामा सञ्चालित कार्यक्रमबाट ४ सय ३  परिवार लाभान्वित भएका हुन् ।
आयोजना प्रमुख रणधीर पाठकका अनुसार अहिले मधेशका आठ जिल्लाका आठ पालिकामा उक्त कार्यक्रम सञ्चालन गरिएको छ । महिला, विपन्न र सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिकस्तर उठाउने, उद्यमशील बनाउने तथा आर्थिक आयआर्जनमा जोड्ने उद्देश्यले सन् २०२२ देखि परियोजना सुरु भएको उनले जानकारी दिए ।
एसियाली विकास बैंक, नर्वे सरकार र नेपाल विद्युत् प्राधिकरणको साझेदारीमा सर्लाहीको बागमती नगरपालिका, सप्तरीको कञ्चनपुर नगरपालिका, सिरहाको लाहान नगरपालिका, धनुषाको बटेश्वर गाउँपालिका, महोत्तरीको बर्दिवास नगरपालिका, रौतहटको चन्द्रपुर नगरपालिका, बाराको कलैया उपमहानगरपालिका र पर्साको पटेर्वा सुगौली गाउँपालिकामा सञ्चालित सामुदायिक तथा ग्रामीण विद्युतीकरण कार्यक्रम सञ्चालन गरिएको नेपाल विद्युत् प्राधिकरण मधेश प्रदेशका प्रमुख शम्भु कुसियत यादवले जानकारी दिए ।
उनका अनुसार महिला, विपन्न र सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिकस्तर सुधार गरी सहज रूपमा जीविकोपार्जन गराउन, विद्युत् सेवा सुधार गर्न, प्रविधिसँगै सीप र क्षमता विकास गर्दै उद्यमी बनाउन तथा प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गरिएको हो ।
सप्तरीका ४८, सिरहाका ५२, धनुषाका ४७, महोत्तरीका ५२, सर्लाहीका ५०, रौतहट ५३, बाराका ४८ र पर्साका ५३ परिवार सामुदायिक तथा ग्रामीण विद्युतीकरण कार्यक्रममा जोडिएका उहाँले जानकारी दिए ।
विकासको मूलधारबाट पछाडि परेका समुदायस्तरमा विद्युत् पहुँच विस्तार भएसँगै आफूहरू विकासको गतिसँग जोडिएको अनुभूति भएको स्थानीयको भनाइ छ । सरकारले बिजुली वितरणका लागि मात्रै सामूहिक वा सहकारी संस्था बनाउने नभई स्थानीय तहमा लघु विद्युत् आयोजना निर्माण गर्न प्राविधिक र आर्थिक सहयोग गर्नुपर्ने स्थानीयले आवश्यकता औँल्याएका छन् ।
ग्रामीण विद्युतीकरण कार्यक्रमले ग्रामीण क्षेत्रमा हजारौँ साना उद्योग सञ्चालनमा सहयोग पुग्नुका साथै गरिबी निवारणमा सहयोग पु¥याएको छ । ग्रामीण विद्युतीकरणमा लागेका सहकारी संस्थाहरू सबल बन्नुपर्ने, विद्युत् महसुल उठाउने काम पारदर्शी बनाइनुपर्ने, सरोकार भएका निकायबीच सहकार्य र समन्वय हुनुपर्नेमा स्थानीयले जोड दिएका छन् । रासस

## सम्पादकीय

# यो वर्ष तापक्रम ६५ प्रतिशतसम्म बढ्ने पूर्वानुमान

मङ्सिर १५ देखि फागुन १६ सम्म हिउँदको समयमा देशका अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने पूर्वानुमान छ। यसको मतलब पृथ्वीमा चिसोपना कम हुनेछ। चिसोपना कम हुने बित्तिकै अधिकतम तापक्रम र न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने र तापक्रम वृद्धि हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ। यो वर्ष हिउँदमा हिउँदमा सुदूरपश्चिम र कर्णाली प्रदेशका उत्तरी भूभाग र गण्डकी प्रदेशका उत्तर–पश्चिम भूभागमा सरदरभन्दा कम, सरदर र सरदरभन्दा बढी वर्षा हुने समान सम्भावना देखिएको छ। सुदूरपश्चिम प्रदेशका पूर्वी तथा दक्षिणी भूभाग, कर्णालीका दक्षिणी भूभाग, लुम्बिनीका पश्चिमी भूभाग, बागमतीका दक्षिणी भूभाग, मधेशका उत्तरी भूभाग र कोशी प्रदेशका मध्य तथा पूर्वी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ। वर्षा नहुने ६५ प्रतिशत पूर्वानुमानले पनि तापक्रम बढ्ने संकेत गरेको हो।

सुदूरपश्चिम र कर्णाली प्रदेशका मध्य भूभाग, लुम्बिनीका मध्य तथा पूर्वी भूभाग, गण्डकीका पूर्वी भूभाग, बागमतीका मध्य तथा उत्तरी भूभाग, मधेशका दक्षिणी भूभाग र कोशी प्रदेशका केही भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत छ। सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत अन्य भूभागमा पनि देखिएको छ। यसले देशका अधिकांश भूभागमा सरदरभन्दा बढी अधिकतम तापक्रम हुने आकलन छ। गण्डकी प्रदेशका उत्तरी र दक्षिणी भूभाग, बागमतीका दक्षिण भूभाग र कोशीका उत्तरी र दक्षिण–पश्चिम भूभागमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ। कर्णाली प्रदेशका उत्तरी भूभाग, लुम्बिनीका उत्तरी भूभाग र कोशी, बागमती र गण्डकी प्रदेशका बाँकी भूभागमा सरदरभन्दा बढी तापक्रम हुने सम्भावना ४४ देखि ५५ पूर्वानुमान छ।

सुदूरपश्चिम, कर्णाली प्रदेशका दक्षिण–पश्चिम भूभाग र लुम्बिनी प्रदेशका पश्चिम भूभागमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ। लुम्बिनी प्रदेशका दक्षिणी भूभाग र मधेश प्रदेशका भूभागमा सरदरभन्दा कम, सरदर र सरदरभन्दा बढी अधिकतम तापक्रम हुने समान सम्भावना छ। न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी हुने सम्भावना छ। सुदूरपश्चिम प्रदेशका उत्तरी र दक्षिण पश्चिम भूभाग, कर्णाली प्रदेशका मध्य तथा उत्तरी भूभाग, लुम्बिनी प्रदेशका अधिकांश भूभाग, बाग्मती प्रदेशका उत्तर–पूर्व र दक्षिण पश्चिम भूभाग, मधेश प्रदेशका अधिकांश भूभाग र कोशी प्रदेशका दक्षिण र उत्तर–पश्चिम भूभागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ। यस्तै, देशका बाँकी भूभागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको जनाइएको छ। यसको अर्थ हो, जाडोमा जाडो बढी हुनेछ भने गर्मी त सुक्खापनले ल्याउने नै भयो। यसले मानवजीवन यो वर्ष प्रभावित हुने देखिन्छ।

# पाञ्चाल देश (पनौती):

## 'योमरी'को उद्गम्स्थल भएको जनविश्वास

**राजकुमार पराजुली**

'योमरी पुन्ही' पर्व विशेषतः नेवार समुदायमा प्रख्यात छ। यस पर्व वर्षभरिको १२ पूर्णिमामध्ये मङ्सिर महिना अर्थात् मार्गशुक्ल पूर्णिमालाई योमरी पुन्ही अर्थात् धान्य पूर्णिमा भन्ने गरिएको हो। योमरी पूर्णिमा अर्थात् थिङ्ला पुन्ही यस वर्ष बिहीबार मङ्सिर १८ गते मनाइँदैछ।

लिच्छवीकालीन समयमा 'पाञ्चाल देश' भन्ने एउटा स्थल थियो, जो हाल काभ्रेपलाञ्चोकको पनौती नगर हो। लिच्छविकालीन ग्रन्थअनुसार 'महासत्व' नाम गरेका एक राजकुमारले जङ्गलमा भोकाएका बघिनी र केही डमरू देखेपछि आफ्नै शरीरको मासु खुवाएका थिए। उनै राजकुमार महासत्वका कङ्काल र लुगा पुरेर उक्त स्थानमा एउटा चैत्य निर्माण गरिएको छ। जुन स्थानलाई अहिले 'नमोबुद्ध' भनिन्छ। 'पाञ्चाल देश' अर्थात् पनौतीमा महासत्वको जन्म भएको जनविश्वाससहित प्रत्येक वर्ष भाद्रकृष्ण त्रयोदशीका दिन यहाँ नमोबुद्धको जात्रा पनि लाग्ने गर्दछ। लिच्छवीकालीन ग्रन्थमा समेटिएको घटनाक्रमअनुसार योमरी पूर्णिमाको प्रचलन पनौतीबाट शुरुआत भएको स्थानीय ज्येष्ठ नागरिक बताउँछन्। उतिबेलाको पाञ्चाल देशको महासत्व राजकुमार र सुचन्द्र नाम गरेका महाजनको कथाले योमरीको उद्गम्स्थल पनौती भएको पुष्टि गर्न सकिने स्थानीय राजाराम कर्माचार्य बताउँछन्। उन भन्छन्, 'पाञ्चाल देशको महासत्व राजकुमार र सुचन्द्र नाम गरेका महाजनको कथाले योमरीको प्रचलन शुरुवात पनौतीबाट भएको विश्वास गर्दै आएको हौँ।' पनौतीको इतिहासकै आधारमा नेपालका अन्य स्थानमा विशेष गरी नेवारी समुदायले योमरी पूर्णिमा धुमधमका साथ मनाउँदै आएका कर्माचार्यको भनाइ छ। अहिले यो पर्वले सबै समुदायलाई मोहित बनाउँदै लगेको पाइन्छ।

महासत्वलाई गौतम बुद्धको पूर्वजन्मसमेत रहेको मानिँदै आइएको छ। ग्रन्थअनुसार तत्कालीन पाञ्चाल देशमा एक सुचन्द्र नाम गरेका महाजन थिए। धर्मात्मा सुचन्द्रले आफ्नो दयालु श्रीमतीसँग जीवन गुजारा गरिरहँदा सन्तान अभावको पीरमा भगवान विष्णुको प्राथना गर्ने गर्थे। मार्गशुक्ल पूर्णिमाको दिन सुचन्द्र दम्पतीले सरसफाइको काम सकेर रोटी (योमरी) पकाउन लाग्दा भगवान् कुवेरले भेष बदलेर गरिब ब्राह्मणको रूपमा उनीहरूका घर आएर भिक्षा माग्न थाले।

सुचन्द्रकी श्रीमतीले एउटा गरिब बुढो ब्राह्मण पिँढीमा बसेर भिक्षा माग्दै गरेको देखेर माया जाग्यो र ब्राह्मण रूपधारी कुवेरलाई आफ्नो घरभित्रै बोलाएर ब्राह्मणले लगाएको पुरानो झुत्रो लुगालाई नयाँ फेरिदिएपछि अन्यत्र जान हतारिएका ब्राह्मणलाई पुनः एकछिन घरमा बस्न अनुरोध गर्दै तातोतातो योमरी खान अनुरोध गर्दा श्रद्धापूर्वक आफूलाई भोजन गराएकाले कुवेर प्रसन्न भई आफ्नो असली रूपमा देखाएर भगवान् कुबेर अन्तध्यान भएका थिए। त्यसअघि कुवेरले आफ्नो परिचय दिइसकेपछि धानको भकारीमा लक्ष्मी, कुमार, गणेश र आफ्नै प्रतिरूप राखी योमरीका साथ विधिपूर्वक पूजा गर्न अनुरोध गरेको थियो। कुवेर उनीहरूको घर आएको दिन मङ्सिर शुक्ल पूर्णिमा थियो। पूजाकै प्रभावले दुई दम्पती सुखपूर्वक रहन थाले।

दिन, हप्ता, महिना, वर्ष हुँदै यो कुरा सबैतिर फैलिन थाल्यो। त्यसपछि सबैले योमरी पुन्हीका दिन घर लिपपोत गरेर योमरी बनाई धानको भकारीमा लक्ष्मी, कुमार, गणेश र कुरेको प्रतीक राखेर विधिपूर्वक पूजा गर्ने चलन चलाएका थिए। त्यो बेलादेखि नेवार समुदायमा घरघरमा योमरी पकाई खाने चलनको थालनी भएको मानिन्छ। तिहारमा देउसीभैलो खेले जस्तै यस दिन साँझ टोलटोलका घरघरमा गएर युवायुुवतीले गीत गाउँदै योमरी तथा धान, चामल, दामलगायत माग्ने 'त्यःछिं त्यः बकछिं त्यः' खेल्ने मल्लकालीन प्रचलन पछिल्लो समय कहीँकतै मात्रै चल्ने गरेको पाइन्छ। योमरी माग्ने क्रममा घरघरमा गएर यस्तो गीत गाउने प्रचलन छ।

*'ट्यो सिं ट्यो, बकसिं ट्यो*
*लटापाटा कुलिचाँ जुसिंट्या।*
*ब्यु मह ल्यासे, म्ह ब्यु म्ह बूढीकुटी चा*
*छिमनचुकी जिमनचुकी, बिगोसा याकन्ब्युँ॥*
*अर्थात्*
*'जुनसुकै भाँडाबाट भए पनि झिकेर देऊ*
*माना–पाथी जेबाट जति दिए पनि देऊ।*
*दिने मान्छे राम्रो, नदिने मान्छे नराम्रो।*
*तिम्रो पनि जाडो, हाम्रो पनि जाडो*
*दिने भए छिटो देऊ' ...*

यही दिन बनेपा र पनौतीको सीमास्थलमा अवस्थित धनेश्वर महादेवमा ठूलो मेला लाग्ने भएकाले मेला भर्न टाढाटाढाबाट भक्तजन आउने गर्दछन्। लिच्छवीकालीन ग्रन्थमा उल्लेखित सुचन्द्र महाजनको कथा अंशुवर्मा पालाको बौद्धग्रन्थ 'रत्नबदाने बुद्ध वचन'मा पनौतीमा सुचन्द्र महाजन दम्पतीको बसोबास भएको उल्लेख भएको पाइन्छ। कथाका पोख्त स्थानीय पूर्णभक्त कोङ्गाका अनुसार यःमरीको विषयमा पनौतीबाहेक कुनै ग्रन्थ तथा ऐतिहासिक दस्तावेजमा पाइँदैन। पनौतीबाट शुरुवात भएको भन्नेबारे पुस्तौँदेखिका स्थानीय वृद्धहरूले भन्दै पूर्णभक्त कोङ्गाले बताउँदै आउनुभएको छ। योमरीको प्रचलनबारे बुझ्ने जो कोहीले कोङ्गालाई भेटेपछि विश्वस्त भएका उदाहरण पनि भेटिन्छन्।

यःमरी चामलको पिठोबाट बनाइन्छ। पानीमा पिठो मुछेपछि लाम्चो चुच्चो परेको आकारमा ढालेर त्यसको मुख बन्द गर्नुअघि भित्र स्वादअनुसार तताएको चाकु, खुवालगायत मनपर्ने सामग्री हालेर आकार दिइन्छ। यसरी योमरी भरेर आकार दिएपछि फोसीमा बफाएर पकाउने गरिन्छ। कोङ्गाका अनुसार योमरी पकाउन सबैभन्दा पहिले फोसीमा पानी राख्ने र त्यसपछि फोसीमाथि पटासी अनि पटासीमा पराल राखेर त्यसमाथि योमरी राखिन्छ। यसलाई माथिबाट भेगाःले छोप्नुपर्छ र पकाउन शुरु गरेको करिब २० मिनेटपछि योमरी पाक्छ। मङ्सिरमा नयाँ धान घरमा भित्र्याइएपछि नयाँ चामलको पिठो पिनेर ल्याएर त्यसबाट बनेको पहिलो खानेकुरा भगवान्लाई चढाउने चलन छ। जुन आकार दिएर भगवान्लाई योमरी चढाइन्छ, त्यो धानको थुप्रोजस्तै देखियोस् भनिएकाले यस्तो आकार दिने गरिएको हो। यो आकार र चढाउने चलन सृष्टिकर्तालाई धन्यवाद र सम्मान दर्शाउने माध्यमका रूपमा लिने गरिन्छ।

स्थानीय साहित्यकार सूर्यप्रसाद लाकोजूले योमरीसँग जोडेर पनौतीको कथासमेत प्रकाशित गरेको छ। उनको कथामा योमरीको बारेमा पाञ्चाल देशसँग जोडेर यसको शुरुवात र प्रचलन विस्तारबारे विस्तृतमा उल्लेख गरेको छ। उनले पनि पनौतीबाट जन्मेको योमरी पर्व हाल विस्तार भएर नेपालका कुनाकाप्चामा पुगिसकेको जनाउनुभएको छ। उन भन्छन्, 'यो पर्व पनौतीको महत्वपूर्ण पर्वहरू मध्येको एक हो, चाडपर्वको क्षेत्रमा यो पर्वको विशिष्ट स्थान रहेको छ।'

'योमरी' नेपाल भाषाको शब्द हो। 'यो' को अर्थ मनपर्ने र 'मरी'को अर्थ रोटी हो। यसरी 'योमरी' लाई अर्थ्याउँदा यसको शाब्दिक अर्थ 'मन पर्ने रोटी' हुन्छ। प्रायः चाकु र तील हालेर बनाइने यो रोटी विशेष किसिमको माटोको भाँडा 'पोटासी'मा बफाएर पकाउने गरिन्छ। पछिल्ला केही वर्षदेखि खुवा तथा अन्य मनपर्ने परिकार हालेर यःमरी बनाउने प्रचलन बढ्दै गएको पाइन्छ।

लाकोजूका अनुसार दुईदेखि १२ वर्षसम्मका बालबालिकाको जोरवर्ष परेको जन्मदिनमा (२, ४, ६, ८, १०, १२) बालकको वर्षअनुसारको यमरी राखी माला बनाएर जन्मदिनमा लगाइदिने प्रचलन छ। बाह्र वर्ष नाघेपछि भने योमरीको माला लगाई जन्मदिन मनाउने चलन हट्नेछ। त्यस्तै गर्भवती महिलालाई बच्चा जन्मनुभन्दा पहिले माइतीका तर्फबाट योमरीसहित विभिन्न परिकारको भोज खुवाउने चलन पनि छ। नेवार समुदायमा बुढाबुढीको जङ्को (भीम रथारोहण) गर्दा पनि योमरी चाहिन्छ। उपत्यकाको रातो मच्छेन्द्रनाथ र सेतो मच्छेन्द्रनाथको रथ तान्नुअघि योमरी छर्ने प्रचलन अद्यावधिक कायम छ। यसप्रकार योमरीको नेपाली संस्कृति र संस्कारमा ठूलो स्थान रहेको देखिन्छ।

डा चन्द्रा बज्राचार्यका अनुसार विशेषगरी नेवार जातिले आफ्नै प्रकारको रोटी अर्थात् योमरी पकाई खाने गर्दछन् र त्यही विशेष रोटीको नाउँमा उक्त पूर्णिमाको नाम नै 'योमरी पुन्ही' रहन गएको हो। यो पूर्णिमा थिङ्ला पुन्ही, मार्ग पूर्णिमा, यःमरि पुन्ही, धान्य पूर्णिमा, गैँडु पूर्णिमा आदि नामबाट पनि प्रचलित छ। दसैँमा पहिले जमरा छरेर उखेली सकेपछि मात्र धान काट्ने काम शुरु गर्ने र योमरी पुन्हीसम्ममा धान भित्र्याइसक्नुपर्छ भन्ने धारणा रहँदै आएको छ।

यस्तै यस दिन पनौतीको काँठुगणेशमा धुमधामसँग जात्रा लाग्ने गर्दछ। पूजाबिहीबारासहित खटमा राखिएका गणेशलाई नगर परिक्रमा गरिने यो जात्राको पनि विशेष महत्व छ। स्थानीयले बिहान योमरी पकाई खानुअघि योमरी राखेर नगरभित्रका देवीदेवताको पूजा गर्ने चलन छ। बेलुका शुद्ध गरी छुट्याइ राखेको अमरीका साथ कुमार, गणेश, कुवेर र लक्ष्मीको पूजा यसरी पूजा गरेको यमरीलाई चार दिनपछि भक्तिपूर्वक अर्चना गरी प्रसाद फिकिन्छ र अमरीलाई प्रसादका रूपमा बाँड्ने प्रचलन पनि छ। अर्को किंवदन्ती अनुसार राजा प्रताप मल्लले विसं १२७ मा रानीपोखरी बनाइसकेपछि विभिन्न तीर्थस्थलको जल राख्ने क्रममा पनौतीस्थित त्रिवेणीघाटको जल पनि राखेको शिलालेखमा उल्लेख गरिएको इतिहासविद्ले जनाएका छन्। तीन नदीको सङ्गमस्थल त्रिवेणीघाटमा पुण्यमाता र रोशी खोलाबाहेक पद्यमावती नदी गुप्त रूपमा बहिरहेको मान्यता रहेको छ।

जन्मदेखि मृत्युसम्मका धार्मिक क्रियाकलाप हुने पनौतीको उक्त त्रिवेणी सङ्गममा हरेक वर्षको माघ महिनामा साँखु र भक्तपुरमा माधवनारायण देवतालाई यहाँ ल्याई दुई दिनसम्म राख्ने पनि गरिन्छ। भारतको प्रयागमा गङ्गा र यमुना नदीको सङ्गममा गुप्तरुपले सरस्वती मिसन नदी बहे झैँ पनौतीस्थित रोशीलाई रुद्रावती नदी, पुयणमाता नदीलाई लिलावती र गुप्तरुपले बहेकी ब्रम्हायणी मन्दिरको मुनिबाट दूध बग्ने नदी पद्यमावती मानिँदै आइएको छ। यहाँस्थित त्रिवेणीघनटान हरेक १२ वर्षमा मकर मेला लाग्ने गर्दछ। मकर मेलामा प्रमुख परिकारका रूपमा योमरीलाई लिइने गरिन्छ। रासस

# मौलिक पर्व यःमरी पुन्ही मनाईंदै नेवार समुदाय

**लक्ष्मी गारु**

नेवार समुदायले मनाईने चाडपर्वहरुमध्ये प्रमुख मौलिक पर्व हो, 'यःमरी पुन्ही'। हेमन्त ऋतुमा पर्ने यो पर्व मार्ग शुक्ल पूर्णिमा अर्थात धान्य पूर्णिमाको अवसरमा बिहीबार धुमधामले मनाइँदैछ। नेपाल सम्बतको दोस्रो महिना थिंलामा पर्ने भएकाले यसलाई 'थिंला पुन्ही' पनि भनिन्छ।

नेवार समुदायमा कृषिसम्बन्धी धेरै चाड पर्वहरु मनाउने गर्दछन्। मौसम अनुसारको खानपान गर्न सिपालु नेवार समुदायले खाने पकवानको नामबाटै चाडपर्वलाई परिचित गराएका छन्। मार्ग शुक्ल पूर्णिमाको दिन मनाइने यःमरी पुन्ही पर्वको नाम स्वादिष्ट पकवान यःमरीबाट प्रख्यात छ।

'विशेषगरी चामलको पिठोबाट बनाइने पकवान यःमरी खाने पूर्णिमाको दिन मनाइने भएकाले यसपर्वको नाम यःमरी पुन्ही रहन गएको हो,' संस्कृतिकर्मी हरिशरण राजोपाध्यले भने। कृषि कर्म गर्नेहरुका लागि यो पूर्णिमाठूलो पर्व मानिन्छ। यसदिन पुर्वी पहाडी जिल्लाका किराँत समुदायले उभौली पर्व मनाउँछन भने उपत्यकाका ज्यापु समुदायले ज्यापु दिवसका रूपमा मनाउने गर्दछन्। यस्तै खसआर्य समुदायले यस दिन कुल पूजा, देवाली पुजा गर्ने प्रचलन रहेको छ।

नेपाल भाषामा 'यः' भनेको मनपर्ने र 'मरी' भनेको रोटी वा मिठाई भन्ने अर्थ लाग्छ। यःमरी लाई पञ्चतत्वको रुपमा पनि स्वीकार गर्छन्। यःमरीमा धरतीको रुपमा चामलको पिठो, अग्नीको रुपमा चाकु, जलको रुपमा पानी, आकाशको रुपमा खाली ठाउँ र वायुको रुपमा तिललाई लिइन्छ।

नयाँ धान भित्र्याएको खुशीयालीमा मनाउने यो चाडमा भर्खरै भित्रार्याएको धानको चामलबाटै यःमरी बनाई नयाँ धान राखिएको भकारी एवं भण्डारमा यःमरीसँगै लक्ष्मी, गणेश, कुवेर, नांग्लो, सुकुन्दा, कुचो समातेको मान्छे, पानस, कछुवा आदिको मूर्तिसहित चेप्टो सानो सानो पात आकारको ल्होँचामरी (मुतुमारी) बनाई पूजा गरी चढाउने गरिन्छ।

धानका भकारी र अन्नका भण्डारमा यःमरी चढाउँदा धनलक्ष्मी प्रसन्न भई घर अन्नले भरिपूर्ण हुनुका साथै धनलाभ हुने जनविश्वास रही आएको छ। यसरी चढाएको यःमरी चार दिनपछि प्रसादको रूपमा बिहे भएका छोरीचेलीलाई बोलाएर परिवारसँगै बाँडेर खाने चलन रहेको छ।

यःमरी पुन्हीको साँझपख टोलटोलमा केटाकेटी, युवायुवती जम्मा भई योमरी माग्ने प्रचलन रहेको छ। यःमरी माग्ने प्रचलन यस दिनको एक महत्वपूर्ण सांस्कृतिक पक्ष पनि हो, जसलाई 'त्यसिंत्य' भन्ने गरिन्छ। यःमरी माग्दा गाइने गीत यस प्रकार छः

*त्य छिं त्य, बक छिं त्य*
*थाबले यागु सामा वलः, यःमरी छगः ति यः*
*व्यूसा ल्यासे म्ह, मव्यूसा सितिकुती*
*न्यग व्यूसा काय् वुई, छग व्यूसा म्याय् वुई*
*तालापाता कुलिचां जुसें त्यः*
*यःमरी माकु, उकि दुने चाकु*
*व्यूसा ल्यासेचा, मव्यूसा बुरीचा*

अर्थात चार माना, दुई माना अट्ने भाँडामा देउ, यो सालको बाली भित्रियो यःमरी एउटा देउ, यःमरी दिए तरुनी नदिए चाउरी बुढी, दुईटा दिए छोरा जन्मिन्छ एउटा दिए छोरी जन्मिन्छ, मानापाथी भरिभरि देउ, यःमरी मीठो, त्यसभित्र चाकु, दिए तरुनी नदिए बुढी।

उल्लेखित लोकभाका बिहीबारका नयाँ पुस्तालाई गाउन त आउँछ, तर उनीहरु त्यो भाका गाउँदै यःमरी माग्न जान छाडेका छन। युवा वर्ग आधुनिक संस्कृतिमा रम्न थालेसँगै लोकसंस्कृतिबाट विमुख हुँदैं जाँदा यःमरी माग्न छाडेपछि यो प्रचलन लोप हुँदैं गएको संस्कृतिकर्मीहरु बताउँछन्। यःमरी नयाँ धानको चामलको पिठोलाई शुद्ध घिउ हालेर तातो पानी हाल्दै मुछनु पर्दछ। यःमरीको लागि ताइचिन धानको चामलको पिठो भए राम्रो मानिन्छ। नरम हुने गरी मुछिएपछि हावाबाट बचाउन सफा कपडाले छोप्नुपर्छ। हावाको प्रत्यक्ष सम्पर्क परेमा मुछिएको पीठो कडा हुन्छ। पिठो कडा भएमा यःमरी बनाउन कठिन पर्नेका साथै यःमरी फुट्छ।



त्यसपछि पिठोको डल्लोलाई चोर औंलाले छेड्नुपर्छ। औँला घुमाउँदै जाँदा पिठोको डल्लो पातलिँदै जान्छ। पातलो डल्लो झन्डै शङ्खको आकारमा परिणत हुन्छ। यसरी गर्दै जाँदा माथिल्लो भाग मन्दिरको गजुर जस्तै चुच्चो पर्दै जान्छ। तल्लो भागमा खोक्रो ठाउँ बन्छ। खोक्रो भागमा तिल र चाकुको मिश्रण राखेर बन्द गरी यःमरी तयार गरिन्छ। पछिल्लो समय यःमरीमा खुवा, मासु, गुँदपाक, मास, मुँगीलगायत सामग्री राखी पकाउने चलन छ।

यःमरी तयार भएपछि एउटा भाँडोमा पानी उमाल्ने र उम्लिएको पानीको भाँडोमा पिँढमा प्वाल प्वाल भएको हाँसी (माटोको विशेष प्रकारको भाँडो) राखिन्छ। सो हाँसीमा यःमरी राखेर वाफले पकाइन्छ। करिब १० मिनेट जति वफाएपछि यःमरी तयार हुन्छ।

पानीको वाफबाट पकाइने यो पकवान निक्कै स्वादिलो हुन्छ। धेरैैलाई मन पर्ने रोटी भएकाले नै यसको नाम यःमरी अर्थात मनपर्ने रोटी रहन गएको इतिहास तथा संस्कृतिविद प्राडा पुर्षोत्तम लोचन श्रेष्ठ बताउँछन्। पछिल्लो समय यःमारी मःमः पकाउने भाँडोमा पकाउने चलन छ। नेवार समुदायमा यःमरीको सांस्कृतिक एवं धार्मिक महत्व रहेको छ। धन सम्पत्ति वृद्धि र धनधान्यले भरिपूर्ण हुने जनविश्वासले नेवार समुदायमा यःमरी पुन्हीका दिन सबैले यःमरीसहित विभिन्न देवीदेवताको पूजा गरी दान गरिन्छ।

विशेषगरी जन्मदिन लगायतका विशेष शुभकार्यमा यःमरी नभई नहुने पकवान हो। यःमरी मठमन्दिर, बालबालिकाको दुई र चार वर्षको जन्मदिनको अवसरमा नभई नहुने पकवान भएको प्रा.डा श्रेष्ठले बताए। 'बच्चाहरूको जन्मदिन मनाउँदा १२ वर्षसम्म यःमरीको माला बनाई पूजा गर्नुपर्ने र माला लगाइदिने चलन छ,' उनले भने।

त्यस्तै छोरीको गर्भावस्थामा बच्चा जन्मिनु केही समयअघि माइतीबाट दही च्यूरा खुवाउन जाने चलन छ। त्यसबेला पनि कुनै कुनै समुदायमा एक सय आठवटा यःमरी लैजानुपर्ने चलन रहेको छ। त्यस्तै नयाँ घर वा मन्दिर बनाउँदा, मन्दिरमा नयाँ पताका चढाउँदा पनि घर र मन्दिरको धुरीबाट पूजा गरेर लडुसँगै यःमरी खसाल्ने चलन छ।

वैज्ञानिक हिसाबले पनि यःमरीको महत्व रहेको पाईन्छ। जाडो महिनामा मनाईने यःमरी पुन्हीमा पकाइने पक्वान यःमरीमा रहेको चाकु र तिलले शरिरमा न्यानो दिने र चिसोबाट हुने विभिन्न रोगबाट समेत सुरक्षित राख्न मद्दत गर्दछ।

यस पुर्णिमाका रातलाई सबै भन्दा लामो रातको रुपमा पनि लिइन्छ। यस रातका सुत्न नपुग्ने मान्छेहरुलाई जिन्दगीमा कहिले पनि सुत्न पुग्दैन भन्ने लोककथन पाइन्छ। यस पूर्णिमाको भोलिपल्टदेखि यःमरीको चुच्चो जत्तिकै दिन लम्बिन्दै जान्छ भन्ने जनविश्वास रहेको छ।

धार्मिक कथन अनुसार तत्कालीन पाँचाल देशमा सुचन्द्र नाम गरेका दानी महाजनको पतिपत्नी दुबैले गरिबहरूप्रति अत्यन्त दया राखी खानेकुरा र लुगाफाटा दान गर्ने गर्दथे। उनीहरुको दयालु स्वभावको सर्वत्र चर्चा थियो। एक दिन कुबेरले यी दुवै पति पत्नीको एक पटक परीक्षा गर्नुप¥यो भन्दै गरिवको भेष धारण गरी सुचन्द्रको घर आँगनमा माग्न गएछन्। गरिब रूप धारण गरेको कुबेरलाई सुचन्द्र दम्पत्तिले साहै्र श्रद्धापूर्वक घरभित्र लगेर नयाँ लुगा लगाउन दिई मीठो मीठो खाने कुरा खुवाएछन्। त्यसपछि गरिवरूपी कुबेरलाई साहै्र लज्जा भएछ र उनले आफ्नो सक्कली रूपमा दर्शन दिएछन्। केहीबेर ज्ञानगुणका कुराहरू गरेछन्। त्यसपछि यःमरी बनाउने विधि सिकाई बफाउने तामाको भाडा समेत दिई अन्तध्र्यान भएछन्।

कुबेरले सिकाएबमोजिम सुचन्द दम्पत्तीले नयाँ चामलको पिठोको यःमरी, कुबेर र अन्नपूर्ण देवी बनाइ अन्नको भकारीमा ४ दिनसम्म पूजा गरेछन्। यःमरी आफूले खाई अरूलाई पनि बाँडेछन्। त्यसपछि उनीहरुले अन्नहरू जति दान दिन्छन् त्यत्ति नै भरिने भएछ। श्रीसम्पत्ति पनि अभिवृद्धि भएछ। कुबेरको प्रतीक यःमरी बनाई धानको भकारीमा राखी पूजा गर्नाले धान कहिल्यै पनि नसकिएको हुनाले त्यस बेलादेखि नै यो परम्परा चलेको हो भन्ने जनश्रुति छ।

यो चाड बौद्धमार्गीहरूले पनि मनाउँदै आएका छन्। बौद्धमार्गीहरूले यःमरीको प्रतीकलाई चैत्यको रूप हो भन्छन् भने हिन्दू मार्गी नेवारहरूले सिन्हम्हुको प्रतीक भनेर अर्थ्याउँदै आएका छन्। रासस

# ‘नागरिकको सुझाव माग्न घरदैलोमा सरकार’



**ललितपुर ।**
बिहीबार प्रसिद्ध बङ्गलामुखी दर्शन गर्न दर्शनार्थीको उसै पनि भीडभाड हुन्छ । त्यसमा पनि नेवार समुदायको ठूलो चाड योमरी पुन्हीको विशेष दिन भएकाले बिहीबार बङ्गलामुखी क्षेत्रको माहोल निकै रौनक थियो ।
योमरी चाडको अवसरमा सार्वजनिक बिदासमेत परेकाले सर्वसाधारण र तीर्थालु भक्तजनको घुइँचो हुने नै भयो । यही भीडभाडमा सङ्घीय सरकारको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल बङगलामुखी मन्दिर परिसर पुगे ।
मन्त्री आउनेबारे स्थानीय जनप्रतिनिधिलाई कुनै जानकारी थिएन । अकस्मात मन्त्री बङ्गलामुखी क्षेत्रमा आएपछि सर्वसाधारण र जनप्रतिनिधिसमेत अच्चम्मित भए । आफ्नै टोल र चोकमा पुगेका मन्त्रीसँग समस्या, पीडा र अपेक्षाहरु प्रत्यक्ष राख्न पाउँदा उनीहरु प्रफुल्लित भए । ‘पहिला मन्त्री भेट्न सिंहदरबार जानुपथ्र्यो, तर अहिले मन्त्री नै जनता भेट्न घरदैलोमा आउनुभयो,’ स्थानीय प्रणव श्रेष्ठले भने, ‘नागरिक सरकारको साँच्चिकै अनुभूति भयो । यसरी नागरिकले मन्त्रीलाई प्रत्यक्ष भेटर घर टोलमै समस्या राख्ना पाउनु राम्रो हो ।’
बङ्गलामुखी क्षेत्रको गुठीमा योमरी पुन्हीको परिकार पकाउने काममा व्यस्त स्थानीय रेणु महर्जनले एक्कासी सञ्चारमन्त्री देखेपछि दङ्ग भइन् । काम गरिरहेकै स्थानमा मन्त्री आएर कुराकानी गर्दा महर्जनको मुहारमा खुसी देखिन्थ्यो । ‘मन्त्रीलाई प्रत्यक्ष भेट्न पाउँदा असाध्यै खुसी लागेको छ । यसरी कोही पनि मन्त्री आएका थिएनन्,’ महर्जनले भनिन् । सँगै काम गरिरहेकी सन्तु महर्जनलाई पनि मन्त्री भेट्दा पाउँदा औधी खुसी थिइन् । सिँढीमा घाम तापिरहेका ८७ वर्षीय बाबुलाल महर्जनले मन्त्रीलाई आफ्नै घरमा भेटेर मन्त्रीसँग भलाकुसरी गर्न पाउँदा अनौठो लागेको बताए । पहिला मन्त्रीहरु ठूलो पल्टिएर हिँड्ने गरेको अनुभव सुनाउँदै स्थानीय महेन्द्र महर्जनले यसरी मन्त्री घरघरै आएर जनतासँग भलाकुसारी गर्दा खुसी लागेको बताए ।
‘सिंहदरबारभित्र सबै नागरिक पुग्न सक्दैनन् । मन्त्री भेट्न सबैका लागि सजिलो हुँदैन । त्यसैले सरकार नागरिक कहाँ पुग्नुपर्छ,’ मन्त्री खरेलले भने, ‘कार्यक्रमको आवरणविना, औपचारिकताविनै जब मन्त्री नागरिकको बिचमा पुग्छ, तब मात्र देशका वास्तविक समस्या, पीडा र अपेक्षा बुझ्न सकिन्छ ।’
नागरिक सरकारसँग केही माग मात्रै गर्न खोजिरहेका हुँदैनन् बरु उनीहरुसँग समाधानका सुझाव हुन्छन् भन्दै ती सुझाव सुन्ने साहस र समय सरकारसँग हुनुपर्ने उनको भनाइ छ । उनले भने, ‘यो नागरिक सरकार हो । सरकार सिंहदरबारमा मात्र सीमित छैन–सरकार त गाउँ–बस्ती, टोल–चोक र श्रमिकको पसिनामा छ । सिंहदरबार नै सरकार हो भन्ने भ्रम तोड्न अब सरकार आफैँ नागरिक कहाँ जानुपर्छ ।’
सञ्चारमन्त्री खरेलले मन्दिर दर्शनपछि स्थानीय समुदायसँग साक्षात्कार गरेका हुन् । उनले वडा ११ को कार्यालयमा जनप्रतिनिधि र सर्वसाधारणसँग सरकारले गर्नुपर्ने दायित्वबारे सुझाव लिए । जेन्जीआन्दोलनको जगमा बनेको वर्तमान नागरिक सरकारले नागरिककै मुद्दा, सुझाव र सरकारले गर्नुपर्ने दायित्वका बारेमा सरकार जनताको घरदैलोमा पुगिरहेको छ ।
ललितपुर महानगरपालिका–११ का कार्यवाहक वडाध्यक्ष जुवन तण्डुकारले सङ्घीय मन्त्रीले स्थानीय जनप्रतिनिधि र सर्वसाधारणसँग साक्षात्कार गरेर जनताको नजरमा उदाहरणीय कार्य गरेको उल्लेख गरे । उनले बङ्गलामुखी क्षेत्रको सडक गल्लीको तार व्यवस्थापन र सञ्चार सेवालाई प्रभावकारी बनाउन सञ्चारमन्त्रीसमक्ष माग गरे । वडा सदस्य सचिना परियारले जनताको घरदैलोमा पुगेर मन्त्रीले जनताको गुनासो सुन्ने र सुझाव ग्रहण गर्नु प्रशंसनीय कार्य भएको बताए ।
ललितपुर मात्र नभइ देशभरका टोल–छिमेक र समुदायमा पुगेर नागरिकका आवाज सुन्नु र तिनलाई नीतिमा रुपान्तरण गर्नु नै सरकारको दायित्व भएको मन्त्री खरेलले बताए । उनले भने, ‘जनताको साथ, सुझाव र विश्वासले अझै राम्रो काम गर्न प्रेरित बनाएको छ ।’ रासस

# एमाले महाधिवेशनमा १० हजार स्वयंसेवक परिचालन गरिने

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को आसन्न ११औँ राष्ट्रिय महाधिवेशनको उद्घाटनसत्रमा १० हजार स्वयंसेवक परिचालित हुने भएका छन् । एमालेको ११औँ महाधिवेशनको उद्घाटन यही मङ्सिर २७ गते भक्तपुरको सल्लाघारीस्थित
खुल्लाचौरमा र बन्दसत्र काठमाडौँको भृकुटीमण्डपमा हुने तय भएको छ।
पार्टीको महाधिवेशनका लागि गठित स्वयंसेवक परिचालन समितिका संयोजक भानुभक्त ढकालका अनुसार उद्घाटनको खुल्लासत्रमा उल्लेख्य जनसहभागिता हुने भएकाले १० हजार स्वयंसेवक परिचालन गर्ने व्यवस्था गरिएको बताए।
संयोजक ढकालका अनुसार महाधिवेशनको बन्दसत्रमा करिब ५०० स्वयंसेवक हुनेछन् । ती स्वयंसेवक पार्टीका विभिन्न २४ जनसङ्गठन र विभिन्न कमिटीबाट माग गरिएको उनले बताए । एमालेले हालै गठन गरेको राष्ट्रिय स्वयंसेवक फोर्स (एनभिएफ)ले पनि स्वयंसेवाको समन्वय गर्नेछ।
यसैबीच, सल्लाघारीस्थित नेपाल ट्रष्टको १०८ रोपनी क्षेत्रफलमा फैलिएको उक्त चौरमा एमालेका उपमहासचिव एवं महाधिवेशनको जनपरिचालन समितिका संयोजक प्रदीपकुमार ज्ञवालीसहितको टोलीले बुधबार अवलोकन गरेको छ।
उनका साथै एमालेका केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतम, केन्द्रीय सदस्य विनोद श्रेष्ठ, भक्तपुर जिल्ला अध्यक्ष वचन देउजा, उपाध्यक्ष एवं बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा, जिल्ला सचिव विष्णु तामाङलगायत सहभागी थिए।
चौरमा करिब दुई लाख जनसहभागिताको क्षमता गरिएको संयोजक ढकालले उल्लेख गरे । उनका अनुसार त्यहाँ मञ्च व्यवस्थापन, शौचालयलगायत आवश्यक पूर्वाधार निर्माणका लागि स्वयंसेवक खटिसकेका छन् । उद्घाटनका दिन पूर्वबाट आउने सवरीसाधानलाई
जगातीस्थित इँटा तथा टायल कारखानामा र पश्चिमबाट आउने सवारीसाधनलाई गट्ठाघरबाट कमेरोटार क्षेत्रमा व्यवस्थापन गरिने उनले जानकारी दिए।
महाधिवेशनमा आयोजक र निर्वाचित गरी दुई हजार ४ सय प्रतिनिधि रहनेछन् । महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म हुनेछ।

**एमालेमा नीति र नेतृत्वका विषयमा विवाद छैन**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव विष्णुप्रसाद रिमालले पार्टीको आसन्न ११औँ राष्ट्रिय महाधिवेशनमा नीति र नेतृत्वका विषयमा कुनै विवाद नहुने बताएका छन्।
प्रेस चौतारी नेपालद्वारा बिहीबार आयोजित संवाद कार्यक्रममा उपमहासचिव रिमालले लामो इतिहास र सङ्घर्ष हुँदै अन्तरपार्टी लोकतान्त्रिक अभ्यासबाट अघि बढेको पार्टी भएकाले स्वच्छ प्रतिस्पर्धा भएमा अस्वाभाविक मान्न नपर्ने बताए । ‘पार्टीभित्र नीतिको प्रश्नमा कुनै विवाद छैन । हामी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्य लिएर हिंडेका छौँ । यही स्थिर नीति र राष्ट्रवादी अडानका साथ मुलुकलाई नै नेतृत्व गर्न सक्ने क्षमता वर्तमान अध्यक्ष केपी शर्मा ओलीमा रहेको छ,’ उनले भने, ‘त्यस अर्थमा हामी मूल नेतृत्वलाई सघाउने गरी सामूहिक नेतृत्वको प्रणालीमा अघि बढ्नेछौँ। बाहिर चर्चामा आए जस्तो प्रतिस्पर्धा गर्न पाइँदैन या चुनाव हुँदैमा पार्टीमा समस्या आउँछ भन्ने कुरा यथार्थ होइन।’
एमालेको महाधिवेशनमा आयोजक र निर्वाचित गरी करिब दुई हजार ४ सय प्रतिनिधि रहनेछन् । मङ्सिर २७ देखि २९ गतेसम्म हुने महाधिवेशनको उद्घाटन भक्तपुरको सल्लाघारी र बन्दसत्र काठमाडौँको भृकुटीमण्डपमा हुनेछ।
महाधिवेशनमा विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आसन्न ११औँ राष्ट्रिय महाधिवेशनमा नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने भएको छ।
एमाले उपमहासचिव प्रदीप ज्ञवालीले नेतृत्व चयन प्रक्रिया छिटो छरितो बनाउन यसपटक पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने बताए । एमालेले यसअघि चितवनमा सम्पन्न १०औँ राष्ट्रिय महाधिवेशनमा पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गरेको थियो।
‘हामीले नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने निर्णय गरेका छौँ,’ उनले भने, ‘टेण्डर आव्हान भइसकेको छ । चाँडै नै कुन कम्पनीले गर्ने भन्ने निर्णय हुन्छ।’
महाधिवेशनले यसपटक एमालेमा १५ पदाधिकारीसहित २५१ जना केन्द्रीय कमिटी चयन गर्ने छ। गत भदौमा सम्पन्न दोस्रो विधान महाधिवेशनले पारित विधान संशोधन प्रस्ताव केन्द्रीय कमिटी संख्या घटाएको थियो।

# बुढानिलकण्ठलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल



**काठमाडौँ।**
बुढानीलकण्ठ नगरपालिकाले धार्मिक एवं पर्यटकीय गन्तव्यका रुपमा रहेको बुढानीलकण्ठ मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गर्दै आएको छ।
संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, सांस्कृतिक तथा वैज्ञानिक सङ्गठन (युनेस्को) सँग बुढानीलकण्ठ विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गरिएको सो नगरका प्रमुख मीठाराम अधिकारीले बताए।
नगरको १२औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रमुख अधिकारीले नेपाल सरकारको सम्बन्धित निकाय र पक्षसँग सो विषयमा विभिन्न चरणमा कुरा भएको जनाउनुभयो । उनले अधिग्रहण भएका सार्वजनिक जग्गा फिर्ता ल्याउन पालिका सक्रिय भएको बताए।
प्रमुख अधिकारीले शिक्षा, स्वास्थ्य, पूर्वाधार र खेलकूदलाई प्राथमिकता दिइएको र शिक्षा क्षेत्रको बजेट बढाएर १३ करोड रुपैयाँसम्म पु¥याइएको जनाउँदै कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराइएको बताए। सो पालिकाले ४ जिपिए ल्याउने सामुदायिक विद्यालयलाई पाँच लाख रुपैयाँ र विद्यार्थीलाई एक लाख रुपैयाँ पुरस्कार दिँदै आएको जनाएको छ । नगरपालिकाले नगर अस्पतालबाट दैनिक ३ सय भन्दा बिरामीको उपचार गर्दै आएको छ।
स्थापना दिवसका अवसरमा बागमती प्रदेशको श्रम, रोजगार तथा यातायातमन्त्री जयराम थापाले विकास, सुशासन र सेवा प्रवाहमा बुढानीलकण्ठ नगरपालिकाले गरेको कामप्रति प्रशंसा व्यक्त गरे । नगरका उपप्रमुख अनिता लामाले जनताले पाउने सेवालाई परिणामुखी बनाउन कर्मचारी संयन्त्रले राम्रो काम गर्दै आएको बताए।

# मङ्सिर २१ भित्र योजना छनोट गरेर पठाउन निर्देशन

**सुर्खेत ।**
कर्णाली प्रदेश सरकारले मङ्सिर २१ गतेभित्र आगामी आर्थिक वर्ष २०८३–८४ मा कार्यान्वयन गरिने योजनाको विवरण पठाउन निर्देशन दिएको छ ।
जिल्लास्थित कार्यालयमार्फत पत्राचार गर्दै प्रदेश सरकारले दोहोरोपन नपर्ने गरी योजनाको विवरण पठाउन निर्देशन दिएको हो । कर्णाली प्रदेश सरकारले आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रियासम्बन्धी कार्यविधि २०८२ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारका साथै प्रदेशसभा सदस्यलाई सो निर्देशन दिएको हो ।
यसअघि जभाभावी योजना छनोट गरेर टिपाउने चलनको अन्त्य गर्न प्रदेश सरकारले यो निर्देशन दिएको हो ।
जिल्लास्थित कार्यालयले स्थानीय तहलाई पत्राचार तथा सार्वजानिक सूचनामार्फत योजनाको नाम टिपाउन आग्रह गरिएको छ ।
प्रदेशसभा सदस्यहरुलाई जिल्ला कार्यालयमार्फत योजना टिपाउन सार्वजनिक सूचना जारी गरिएको छ । जिल्ला कार्यालयबाट प्राप्त योजनालाई मन्त्रालयमा जम्मा गरेर अन्तिम छनोट गरेर योजना बैंकमा समावेश गरिने छ । योजना छनोट गर्दा दोहोरो नपर्ने गरी छनोट गर्न आग्रह गरिएको पूर्वाधार विकास कार्यालय, जाजरकोटका प्रमुख भूपेन्द्र जैसीले जानकारी दिए ।
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेशसभा सदस्यहरूलाई आआफ्नो जिल्लामा विनियोजित विकास बजेट प्रभावकारी रूपमा खर्च हुने वातावरण निर्माण गर्न आग्रह गरेको छ ।
प्रदेश योजना आयोगद्वारा वीरेन्द्रनगरमा आयोजित ‘आयोजनाको प्रस्ताव तथा छनोट, आयोजना बैंक, सशर्त, समपुरक र विशेष अनुदान कार्यान्वयन’ सम्बन्धी अन्तरक्रियामा मुख्यमन्त्री कँडेलले विकास बजेट कार्यान्वयनमा सांसदहरू उत्तिकै जिम्मेवार बन्नुपर्ने बताए ।
‘विगतमा मनपरी सिफारिस हुँदै आएका योजनालाई रोक्न अब ५० लाखभन्दा माथिका सबै योजना आयोजना बैंकमा समावेश गरिने छन्‘, उनले भने, ‘प्रणाली सुधारमा सरकार गम्भीर छ ।’

# घोषित मितिमै निर्वाचन गर्ने लक्ष्यसहित सरकार अघि बढ्दैछः प्रधानमन्त्री



**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले सरकारले घोषित मितिमै निर्वाचन सम्पन्न गर्ने लक्ष्यसहित तयारी गरिरहेको बताएकी छन्।
२२औँ ज्यापु दिवसका अवसरमा ज्यापु संस्कृति विकास कोषद्धारा बिहीबार आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले फागुन २१ गते हुने निर्वाचनमार्फत सत्ता युवापुस्ताको हातमा हस्तान्तरण गर्दै देशलाई द्रुत विकासको बाटोमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पारिन्।
भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनबाट धैरै पाठ सिकिएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले जनआन्दोलनका चाहनालाई पूरा गर्न सबै पक्ष एकजुट हुनु आह्वान गरिन्।
‘सरकारले आगामी फागुन २१ गते आमनिर्वाचन गराइ युवा शक्तिको हातमा सत्ता सुम्पेर मुलुकलाई तीव्र विकासको मार्गमा लैजानु नै हाम्रो दायित्व हो,’ उनले भनिन्, ‘त्यसैले घोषित मितिमा निर्वाचन सम्पन्न गर्ने लक्ष्यसहित सरकार पूर्णरूपमा तयारीमा जुटिरहेको छ।
यस अभियानलाई सफल बनाउन सबै नेपालीको सहयोग अपेक्षा गर्दछु।’
उनले ५ सय भन्दा बढी गुठीहरूले सम्हाल्दै आएको सांस्कृतिक परम्परा, जात्रा–पर्वलाई संरक्षण र प्रवद्र्धन गर्ने स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरिन् । त्यसका लागि सरकारले सक्दो सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरिन्।
प्रधानमन्त्री कार्कीले दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै संस्कृतिलाई पर्यटनसँग जोडेर अन्तरराष्ट्रिय बजारमा प्रवद्र्धन गर्ने क्रममा मौलिक नीतिहरूलाई जोगाउन विशेष ध्यान दिनुपर्नेमा जोड दिइन्।

# अलैँचीको मूल्यमा निरन्तर गिरावट

**ताप्लेजुङ ।**
पछिल्लो समय अलैँचीको बजार मूल्य लगातार ओरालो लागेको छ । मङ्सिरदेखि मूल्यमा तीव्र उतार–चढाव देखिन थालेको व्यापारीहरूको भनाइ छ ।
कात्तिक २३ गते फुङ्लिङ बजारमा प्रतिमन (४० केजी) अलैँची एक लाख दुई हजार रुपैयाँसम्ममा कारोबार भएको थियो । जुन यस वर्षको सबैभन्दा उच्च मूल्य मानिन्छ । तर यो मूल्य २४ घण्टाभन्दा बढी टिक्न सकेन । त्यसयता क्रमशः घट्दै आएको मूल्य बिहीबार प्रतिमन ९२ हजार रुपैयाँमा झरेको छ । बुधबार प्रतिमन ९३ हजारमा व्यापार भएको अलैँची एक दिनमै एक हजार रुपैयाँले घटेको व्यापारी कमल बराललले जानकारी दिए ।
असोज दोस्रो सातासम्म प्रतिमन ८५ हजारमा स्थिर रहेको अलैँचीको मूल्य एक महिनामै १५ देखि १७ हजार रुपैयाँले वृद्धि भएर नयाँ उत्पादन शुरु भएको ८० हजार प्रतिमनबाट एक लाख दुई हजार रुपैयाँसम्म पुगेको थियो । तर उच्च मूल्य नटिकी फेरि तीव्र गतिमा गिरावट आएको हो । अन्तरराष्ट्रिय बजारको माग र मूल्यअनुसार अलैँचीको भाउ निर्धारण हुने भएकाले उतारचढाव भएको व्यापारीहरु बताउँछन् ।
कोशी प्रदेशमा हाल सात हजार ५ सय हेक्टरभन्दा बढी क्षेत्रमा अलैँचीखेती हुँदै आएको छ । आर्थिक वर्ष २०८१–८२ मा काँकरभिट्टा नाकाबाट मात्र सात अर्ब ६७ करोड रुपैयाँ बराबरको अलैँची भारत निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ । चालु आर्थिक वर्ष २०८२–८३ को पहिलो त्रैमासमा अलैँची निर्यात ३३ प्रतिशतले वृद्धि भएको कार्यालयले जनाएको छ । साउन, भदौ र असोज महिनामा काँकरभिट्टा नाकाबाट एक अर्ब ६७ करोड ९१ लाख ७५ हजार रुपैयाँ बराबरको एक हजार ७२ मेट्रिकटन अलैँची भारत निर्यात भएको जनाएको छ ।

# सुनचाँदीको मूल्यमा सामान्य गिरावट

**काठमाडौँ।**
बुधबारको तुलनामा बिहीबार सुनचाँदीको मूल्यमा केही कमी आएको छ।
नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बिहीबार एक तोला सुनको मूल्य दुई लाख ५३ हजार ३ सय रुपैयाँ कायम भएको छ भने चाँदीको मोल तीन हजार ६ सय २५ रुपैयाँ निर्धारण भएको छ।
बुधबार सुनको मूल्य प्रतितोला दुई लाख ५४ हजार १ सय रुपैयाँ निर्धारण भएको थियो भने एक तोला चाँदी तीन हजार ६ सय ५५ रुपैयाँमा कारोबार भएको थियो।



# खेल सञ्चालन नहुँदा रङ्गशाला अलपत्र

**दाङ।**
देउखुरीस्थित लमहीमा अन्तरराष्ट्रिय मापदण्डको क्रिकेट रङ्गशाला निर्माण भए पनि खेल सञ्चालन नहुँदा अलपत्र परेको छ।
राष्ट्रियस्तरका ठूला खेल खेलाउन सकिने रङ्गशाला तयार भए पनि पछिल्लो एक वर्षयता एउटा पनि खेल भएका छैनन्।
खेल नहुँदा अहिले मैदानमा घाँस उम्रिएको छ भने फोहरले अव्यवस्थित बनेको छ । लमही नगर विकास समितिको रु आठ करोड लगानीमा रङ्गशाला निर्माण भएको हो । अहिले संरक्षणको काम पनि समितिले गरिरहेको छ।
‘करोडौँ लगानी गरेर रङ्गशाला निर्माण भएको छ‘, समितिका इञ्जिनियर तुलसी अर्यालले भने, ‘तर खेल नहुँदा घाँस उम्रिनुका साथै फोहरले अव्यवस्थित बनेको छ ।’ खेल भएमा जति बेला पनि रङ्गशालामा उम्रिएको घाँस काट्न सकिने जनाउँदै उनले अहिले घाँस काटे पुनः उम्रिहाल्ने उल्लेख गरे।
‘घाँस काट्दा खर्च मात्रै हुने हो । खेल नहुने भएपछि घाँस काट्नुको पनि कुनै अथै छैन। राष्ट्रियस्तरका खेल खेलाउन सकिने गरी मैदान तयार भएको छ,’ इञ्जिनियर अर्यालले भने ‘तर, खेल सञ्चालन नहुँदा लगानी र समय खेर गएको छ।’ विगतमा राष्ट्रपति रनिङशिल्ड, मेयर कपलगायत प्रतियोगिता सञ्चालन भए पनि पछिल्ला वर्षमा त्यो पनि नभएको उनको भनाइ छ।
नेपाल क्रिकेट सङ्घ (क्यान)ले खेलतालिका बनाएर खेल खेलाएमा सहज हुने इञ्जिनियर अर्यालले धारणा राख्नुभयो । रङ्गशालामा प्याराफिट पनि निर्माण भइसकेका छन्। तीन सय ९० सिट क्षमताको भिइपी प्याराफिट र दुई हजार सिटको दर्शक प्याराफिट निर्माण भइसकेको उनले जानकारी दिए। नगर विकास समितिले उक्त रङ्गशाला क्यानलाई हस्तान्तरण गर्न खोजिरहे पनि हुन सकेको छैन।
हाल रङ्गशाला परिसरमा १५ वटा व्यापारिक सटर रहेकाले सोबाट रु एक लाख ५० हजार मासिक आम्दानी हुने गरेको इञ्जिनियर अर्यालले जानकारी दिए । यसअघि, सोही मैदानमा आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिता पनि भएको थियो । रङ्गशाला चार हेक्टर क्षेत्रफलमा फैलिएको छ।
रङ्गशालामा नेपाल प्रिमियर लिग (एनपिएल) का खेल सञ्चालन गर्न सक्ने क्षमताको रहेको क्रिकेट सङ्घ दाङका अध्यक्ष प्रदिप मज्गैयाले बताए । सरकारले यो रङ्गशालाको महत्व बुझ्न नसकेको उनको गुनासो छ।

# भरतपुरमा प्राङ्गारिक सूर्यमुखीखेती



**नारायणगढ।**
भरतपुर महानगरपालिका–१५, श्रीपुरका प्राङ्गारिक किसान चन्द्रप्रसाद अधिकारीले यस वर्ष दुई बिघा १० कट्ठा क्षेत्रफलमा शतप्रतिशत प्राङ्गारिक तरिकाले सूर्यमुखीखेती लगाउनुभएको छ। अधिकारीका अनुसार दुई वर्षअघि पनि सोही बाली लगाउँदा दाना तथा तेलको उच्च माग देखिएको र बाली चक्र प्रणालीअनुसार सूर्यमुखी उपयुक्त ठहरेकाले यस वर्ष फेरि सूर्यमुखी लगाइएको हो।
उनले भने, ‘पाँच दिनसम्म दैनिक १० जनाको श्रम प्रयोग गरी रोपाइँ सम्पन्न गरिएको छ, यस वर्ष करिब ३० क्विन्टल उत्पादन हुने अनुमान छ ।‘ उनले अघिल्लो पटक सूर्यमुखीको तेल लिटरमा ८ सय रुपैयाँ र दाना प्रतिकिलो ५ सय रुपैयाँमा बिक्री भएको जानकारी दिए । यसपटक अधिकारीले एकल रूपमा खेती गरेको हो।
दुई वर्षअघि भने चार जनाको समूह बनाएर सोही स्थानमा प्राङ्गारिक सूर्यमुखीखेती गरिएको थियो । त्यो समयमा फूल फुल्दा खेत क्षेत्र आकर्षक बनेको र दैनिक रूपमा फोटो खिच्न, भिडियो बनाउन तथा घुम्न आउनेको संख्या उल्लेख्य रहेको उनले जानकारी दिए।
बाली राम्रो भएकाले ढकमक फूलले स्थानीय स्तरमा पर्यटन प्रवद्र्धनमा समेत योगदान पुग्ने अधिकारीको दाबी छ । फूल फुलेपछि क्षेत्र मौरी चरनका लागि पनि उपयुक्त मानिन्छ । लामो समयदेखि प्राङ्गारिक खेतीमा संलग्न अधिकारीले यस क्षेत्रमा विविध बाली लगाउँदै आएको छ। सूर्यमुखीखेतीलाई बाह्य प्रभावबाट जोगाउन खेतको छेउ–छेउमा राज्मा रोपेर ‘बफर जोन’ तयार गरिएको उनले बताए। उनले भने, ‘श्रीपुर गाजर उत्पादनका लागि पनि परिचित क्षेत्र हो, मैले प्राङ्गारिक रूपमा गाजर पनि लगाएको छु।’उनको अगुवाइमा यहाँका साथै जिल्लाका प्राङ्गारिक समूहहरूले अन्य विभिन्न बाली लगाउँदै आएका छन् । करिब चार दशकदेखि प्राङ्गारिक खेतीमा संलग्न अधिकारीले धैरै कृषकलाई जैविक खेतीतर्फ आकर्षित गर्दै आएका छन्। रासस


# एनपिएलः काठमाडौँ प्लेअफमा सुरक्षित

**काठमाडौँ।**
संघीय राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा काठमाडौँ गोर्खाज प्लेअफमा पुग्ने दोस्रो टोली बनेको छ । यसअघि सुदूरपश्चिम रोयल्स प्लेअफमा पुगिसकेको छ । बिहीबारको खेलमा काठमाडौँले पोखरा एभेन्जर्सलाई १३ रनले हराउँदै प्लेअफमा स्थान सुरक्षित गरेको हो । काठमाडौँले प्रस्तुत गरेको १६६ रनको लक्ष्य पछ्याएको पोखरा २० ओभरमा १५२ रनमा अलआउट भयो । पोखराका ऋषि धवनले सर्वाधिक ५४ रन हिर्काए पनि जितका लागि पर्याप्त हुन सकेन । बलिङमा काठमाडौँका शाहब आलमले ह्याट्रिकसहित छ विकेट लिए । यसअघि त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला कीर्तिपुरमा टस हारेर पहिला ब्याटिङ गरेको काठमाडौँले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा १६५ रन बनाएको थियो। काठमाडौँका बेन चाल्सवर्थ र भीम सार्कीले अर्धशतकीय पारी खेले। बेन ६४ र भीम ५५ रनमा आउट भए । पोखराका धनञ्जय लक्षनले चार, कप्तान कुशल भुर्तेलले दुई विकेट हात पारे । यो जितसँगै काठमाडौँ १० अङ्कसहित प्लेअफमा पुग्दा पोखराले छ खेलबाट चार अङ्क जोडेको छ । पोखराले अब एक खेल खेल्न बाँकी छ। रासस

# एनपिएलः अर्धशतकको संख्या २८ पुग्यो

**काठमाडौँ।**
दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा अर्धशतकको संख्या २८ पुगेको छ। काठमाडौँ गोर्खाजका बेन चाल्सले बिहीबार ५० रन पूरा गरेसँगै अर्धशतकको संख्या २८ पुगेको हो । उनले पोखरा एभेन्जर्स विरूद्ध उनले ४८ बलमा एक छक्का र चार चौकाको मद्दतमा अर्धशतक पूरा गरे। योसँगै उनी अर्धशतक जोड्ने २४औँ खेलाडीसमेत बने। यसअघि जारी सिजनमा चितवन राइनोजका रवी बोपराले तीन, पोखरा एभेन्जर्सका कुशल भुर्तेल र कर्णाली याक्सका प्रियान्क पन्चालले दुई–दुई अर्धशतक बनाएका छन्।
सुदूरपश्चिम रोयल्सका विनोद भण्डारी, जोश ब्राउन, हरमित सिंह, ईशान पाण्डे, विराटनगर किंग्सका लोकेश बम, मार्टिन गुप्टिल, बसिर अहमद, पोखराका सुमित बर्माले, जिमी निशम, एडम रोसिङटन, चितवनका डेविड मलान र अर्जुन साउद, काठमाडौँ गोर्खाजका जोन सिम्प्सन, कर्णालीका मार्क वाट, लुम्बिनीका डार्सी सर्ट, जनकपुर बोल्ट्सका वायन पार्नेल, सञ्जय कृष्णमूर्ति, माज सदाकत, अनिल शाह र आशिफ शेखले एक–एक अर्धशतक बनाएका छन्।
कर्णालीका मार्क वाट र पोखराका एडम रोसिङटनले मात्रै जारी प्रतियोगितामा शतक प्रहार गरेका छन्।

# चक्रवातमा मर्नेको संख्या ४७९, ३५० बेपत्ता



**श्रीलङ्का ।**
हालै आएको चक्रवातले निम्त्याएको मौसमी विपद्का कारण मृत्यु हुनेको संख्या ४ सय ७९ पुगेको श्रीलङ्काको विपद् व्यवस्थापन केन्द्र (डिएमसी) ले बिहीबार जनाएको छ ।
केन्द्रका अनुसार अझै थप ३ सय ५० जना बेपत्ता छन्, भने राष्ट्रव्यापी रूपमा चार लाख ५५ हजार ४ सय ५ परिवारका १६ लाख भन्दा बढी मानिसहरू प्रभावित भएका छन् ।
डिएमसीले विपद्का कारण एक हजार २ सय ८९ घरहरू ध्वस्त भएको र ४४ हजार ५ सय भन्दा बढी घरमा आंशिक क्षति भएको जनाइएको छ । कृषि सेवा विभाग अन्तर्गतका एक हजार ७ सय ७७ वटा ट्याङ्की, ४ सय ८३ वटा बाँध, एक हजार ९ सय ३६ वटा नहर र ३ सय २८ वटा सडक क्षति ग्रस्त भएको जनाइएको छ ।
यसैबीच चिनियाँ नेताहरूले श्रीलङ्कामा आएको विनाशकारी बाढी प्रति शोक व्यक्त गरेका छन् भने श्रीलङ्काको अनुरोधमा चीनले श्रीलङ्कालाई नगद अनुदान र लाइफ ज्याकेट, टेन्ट लदगायतका आपूर्ति सहित आपतकालीन मानवीय सहायता प्रदान गर्ने निर्णय गरेको छ ।
एसियाली विकास बैंकले श्रीलङ्कालाई आपतकालीन अवस्थामा सहयोग गर्न तीस लाख अमेरिकी डलर अनुदान स्वीकृत गरेको छ ।एएफपी

# धानको रैथाने जात संरक्षण गर्दै बाँकेका गङ्गानारायण

**बाँके।**
बैजनाथ गाउँपालिका–८ टिटिहिरियाका किसान गङ्गानारायण चौधरी धानको परम्परागत रैथाने जात संरक्षण गर्दै आएका छन्।
कृषि ज्ञान केन्द्रको सहयोग र समन्वयमा चौधरीले विगत पाँच वर्षदेखि रैथाने कालानमक जातको धानखेती गर्दै आएका छन्। यो वर्ष ३२ कट्ठा क्षेत्रफलमा लगाएको धानखेतीबाट ४० क्विन्टल कालानमक धान उत्पादन भएको गङ्गानारायणले जानकारी दिए।
‘उत्पादन अझ धैरै हुने अनुमान गरिए पनि अन्य धान स्याहारी सकेकोले कालानमक धानमा चरा, मुसा र कीराको सङ्क्रमण बढेर समस्या भयो,’ उनले भने, ‘करिब छ महिनामा तयार हुने भएकाले यसमा रोग सङ्क्रमणको जोखिम हुन्छ।’ यसको उत्पादनमै बढी खर्च लाग्ने भएकाले मूल्य महङ्गो पर्ने गरेको छ।
यो धान असारमा रोपेपछि मङ्सिरको पहिलो साता मात्रै काट्न तयार हुन्छ। सिँचाइ पनि पर्याप्त चाहिन्छ । करिब छ महिनामा तयार हुने भएकाले यसमा रोग सङ्क्रमणको जोखिम हुन्छ । अन्य धान असोज–कात्तिकमा भित्र्याउँदा त्यहाँका पतेरा किरा कालानमकमा जाने र धान पोकट बनाउने समस्या हुने गरेको कृषक चौधरीले बताए।



कालानमक चामल बिक्रीमा भने समस्या छैन । बजारमा लैजाना साथ राम्रो मूल्यमा बिक्री हुने चौधरीले बताए। अन्य धानको दर करिब तीन हजार ५ सय रुपैयाँ क्विन्टल हुँदा कालानमक भने प्रति क्विन्टल दश हजार रुपैयाँमा बिक्री हुने गरेको छ।
बाँकेमा किसानले रैथाने धानको तुलनामा धैरै फल्ने र छिट्टै पाक्ने रामधान, राधा ४, एमपी ६०, गोरखनाथ लगायतको हाइब्रिड धान रोप्दै आएका छन्। किसान व्यावसायिक खेतीतर्फ उन्मुख हुँदै गएपछि परम्परागत रैथाने कालानमक धानको जात हराउँदै गएको छ।
लगानीअनुसारको प्रतिफल नपाएको भन्दै कृषकहरूले लगाउन छाड्दै गएपछि यो धान लोप हुने अवस्थामा पुगेको हो। सिँचाइ र स्याहार सुसार बढी गर्नुपर्ने र रोग तथा कीराको प्रकोप बढी देखिने भएकाले कृषकहरु यसको साटो हाइब्रिड धानतर्फ आकर्षित भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी वरिष्ठ वागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिए।
उनका अनुसार ‘भिआइपी’देखि पर्यटकहरूको रोजाइ भए पनि लागतअनुसार कम उत्पादन हुने भएकाले कृषकहरू कालानमक धानको साटो अन्य धान लगाउन थालेका हुन् । मसिनो र बास्नादारको सुचीमा पर्ने यो धान कालो भएकाले यसलाई कालानमक भनिएको हो । यो करिब १४० दिनमा तयार हुन्छ।
‘विगतमा बाँके र बर्दियामा यसको खेती हुन्थ्यो, तर अनेक प्रजाति निस्किएपछि किसान छोटो समयमा धैरै उत्पादन गरेर लाभ लिनतिर लागे,’ सूचना अधिकारी पाठकले भने, ‘कालानमकको खेती शून्य प्रायः भएपछि अहिले यसको प्रवद्र्धन र प्रचारमा लागेका छाँै।’
बाँकेमा परम्परागत रैथाने धानको जात कालानमक संरक्षणको लागि कृषि ज्ञान केन्द्रले कृषकस्तरमा लगाएर प्रचार प्रसारको थालनी गरेको छ । कृषि अनुसन्धान परिषद् खजुराबाट प्राप्त गरेको बीउलाई बाँकेको बैजनाथ–८ टिटिहिरियामा प्रयोग गरिएको उनको भनाइ छ। रासस

# लामो दूरीका रात्रि तथा दिवा सेवाका गाडी बसपार्कबाट मात्रै छुट्ने

**काठमाडौँ ।**
काठमाडौँ उपत्यकामा दिनहुँ बढ्दो ट्राफिक जाम नियन्त्रण गर्न ट्राफिक प्रहरीले कडाइका साथ नयाँ व्यवस्था लागू गरेको छ ।

अबदेखि उपत्यकाभित्र सञ्चालन हुने सबै लामो दूरीका रात्रि तथा दिवा सेवाका सार्वजनिक सवारी साधन अनिवार्य रूपमा तोकिएको बसपार्कबाट मात्रै छुट्नुपर्ने व्यवस्था लागू गरिएको छ ।

लामो दूरीका सवारी साधनले पछिल्ला दिनमा स्थानीय सवारी साधन (लोकल बस) जस्तै जथाभावी सडकको किनारमै थामेर यात्रु चढाउने–ओराल्ने कार्य बढाएको पाइएकाले यसले विशेषगरी 'पिक आवर'मा सडकमा गम्भीर जाम सिर्जना हुँदै आएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक नरेशराज सुवेदीले रासससलाई जानकारी दिए ।

उनले भने, 'राजधानीका सडकमा अत्यधिक भिडभाड तीव्र गतिमा बढिरहेका छन्, लामो दुरीका गाडीहरूले नियमविपरीत सडक रोकेर यात्रु उठाउने–झार्ने कार्यले जामलाई अझै चर्काएको छ, त्यसैले अब सबै गाडी बसपार्कबाट मात्रै छुट्नुपर्ने व्यवस्था लागू गरिएको हो ।'

यसैगरी लामो दूरीका गाडीलाई दिइँदै आएको बाटो इजाजतपत्रसमेत पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएकाले ट्राफिक कार्यालयले सम्बन्धित निकायसमक्ष आवश्यक पहलका लागि अनुरोध गरिसकेको प्रवक्ता सुवेदीले बताए । 'ट्राफिक जामका कारण नागरिकको दैनिकीमा सिधा असर पर्ने भएकाले यसको दीर्घकालीन समाधानका लागि सबै सरोकारवाला निकायको समन्वय अपरिहार्य रहेको छ,' उनले भने । ट्राफिक प्रहरीले सडक अनुशासन मजबुत बनाउन विभिन्न कडाइ पनि अघि सार्दै आएको छ । रातो बत्ती उल्लङ्घन गर्ने, लेन क्रस गर्ने, तीव्र गतिमा सवारी साधन चलाउने तथा मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने चालकलाई अनिवार्य रूपमा सचेतना कक्षा दिन थालिएको कार्यालयले जनाएको छ । चालकमा जिम्मेवार व्यवहार विकास गर्ने उद्देश्यले यी कक्षालाई अझ प्रभावकारी बनाउन पनि योजना बनाइएको जनाइएको छ ।

यसबाहेक सेवाग्राहीका लागि अनलाइन सचेतना कक्षा पनि सञ्चालनमा ल्याइएको छ । यस सेवाको प्रयोग गर्न मोबाइल एप प्रयोग गर्दै आएका चालक तथा सेवाग्राहीले पहिले 'इन्स्टल' गरेको एप्लिकेसनलाई एक पटक 'अनइन्स्टल' गरी पुनः इन्स्टल गर्नुपर्ने प्रवक्ता सुवेदीले बताए ।

उनका अनुसार नयाँ प्रणालीमार्फत घरमै बसेर कक्षा लिन सकिने भएकाले यसले सेवाग्राहीलाई थप सहजता दिने अपेक्षा गरिएको छ । नयाँ व्यवस्था कार्यान्वयन भएपछि उपत्यकामा देखिँदै आएको अव्यवस्थित पार्किङ, अनावश्यक रोकावट तथा यात्रु व्यवस्थापनमा उल्लेखनीय सुधार आउने विश्वास लिइएको प्रवक्ता सुवेदीको भनाइ छ । उपत्यकाको ट्राफिक व्यवस्थापनलाई सुदृढ बनाउन र नागरिकलाई सहज आवागमन उपलब्ध गराउन ट्राफिक प्रहरी निरन्तर सक्रिय रहेको जनाइएको छ ।

# इन्फ्लुएन्जा 'फ्लू'बाट बच्न आग्रह

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले इन्फ्लुएन्जा (फ्लू)बाट बच्न आग्रह गरेको छ । मन्त्रालयले चिसो बढेसँगै इन्फ्लुएन्जा (फ्लू) सङ्क्रमण बढ्ने भएकाले बच्न आग्रह गरेको हो । जाडोमा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैँसे र वृद्धवृद्धासमेत सबै उमेरका व्यक्तिलाई फ्लू लाग्न सक्छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले विशेष गरि बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसमा इन्फ्लुएन्जा भाइरस सङ्क्रमणको सम्भावना बढी हुने गरेको बताए । उनका अनुसार फ्लू भएका अधिकांश व्यक्तिलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधि आवश्यक नपर्ने हुन्छ । तर दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिलाई स्वास्थ्यकर्मीको निगरानीमा राख्नुपर्ने हुन्छ ।

**कसरी सर्छ ?**
फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ । ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन् । भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक हुँदा पनि फ्लू लाग्न सक्छ ।

**लक्षण**
ज्वरो आउनु, टाउको दुख्नु, खोकी लाग्नु र घाँटी दुख्नु, नाक बन्द हुनु वा सिँगान बग्नु, जिउ र मांसपेशी दुख्नु, थकान महसुस हुनु हो ।

**रोकथाम**
बिरामी भएका व्यक्तिहरुसँग भौतिक दूरी राख्ने, खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने, शारीरिक रुपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने गर्नुपर्दछ । यस्तै बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, आफ्नो आँखा, नाक वा मुख नछुने गर्नुपर्दछ ।

# पर्यटन र सामाजिक विकास कार्यालयको एकिकृत सेवा

**बागलुङ ।**
गण्डकी प्रदेश सरकारअन्तर्गतका दुई कार्यालयले बागलुङ सदरमुकामबाट एकिकृत सेवा दिन थालेका छन् । प्रदेश सरकारको निर्णय बमोजिम दुई कार्यालय एकै ठाउँमा गाभिएर एकिकृत सेवा कार्यालयको रुपमा सञ्चालन गरिएको छ ।

प्रदेश सरकार मातहतमा रहेको उद्योग तथा पर्यटन कार्यालय र सामाजिक विकास कार्यालय गाभिएपश्चात एकिकृत रुपमा सेवा कार्यालयको रुपमा सञ्चालन गरिएको छ । एकिकृत कार्यालय साविकको उद्योग पर्यटन कार्यालयबाट सञ्चालन गरिएको कार्यालय प्रमुख पारसिंङ थापाले जानकारी दिए ।

कार्यालयको बुधबार प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले औपचारिक शुभारम्भ गरेको थियो ।

गुरुङले सेवा लिन आएका सेवाग्राहीको उद्योग दर्ता तथा नविकरणको सिफारिस प्रदान गरेर सेवा सञ्चालन गरेको थियो । प्रदेश सरकारले मितव्ययीता कायम र सेवा प्रवाहलाई प्रभावकारी बनाउनका निम्ति कार्यालय गाभेर एकिकृत गरेको हो ।

एकिकृत सेवा कार्यालयले उद्योग, पर्यटन तर्फ दर्ता नविकरण, तालिम सञ्चालन पर्यटकीय क्षेत्रमा पुर्वाधार निर्माण लगायतका कार्य गर्ने छभने सामाजिक विकास तर्फबाट लक्षित वर्गका कार्यक्रम सञ्चालन र विद्यालय तथा मठमन्दिर लगायतका क्षेत्रको पूर्वाधार निर्माणका काम हुनेछन् । हाल साविकको उद्योग पर्यटन कार्यालयबाट मुख्य कामकाज सञ्चालन गरिएता पनि साविकको सामाजिक विकास कार्यालयमा सामाजिक विकास तथा शिक्षा शाखा सञ्चालन गरिएको कार्यालय प्रमुख थापाले जानकारी दिए ।

कार्यालय एउटै भए पनि प्रदेश मन्त्रालय भने दुई रहेका छन् । प्रदेश सरकार उद्योग पर्यटन मन्त्रालय र सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय रहनेछ ।

गत साउनमा प्रदेश सरकारले विभिन्न सात वटा निर्देशनालय खारेज गर्ने र ३२ कार्यालयलाई एकापसमा गाभेर १७ वटामा सीमित गर्ने निर्णय गरेको थियो । रासस

# उधौली साकेला मनाउँदै किरात समुदाय



**संगीता राई र केदार मगर**
प्रकृति पूजक किरात समुदायको महान चाड साकेला उधौली बिहीबारदेखि शुरु भएको छ । किरात समुदायले मङ्सिरे पूर्णिमादेखि १५ दिनसम्म उधौली र वैशाखे पूर्णिमादेखि महिना दिनसम्म साकेला उधौली चाड मनाउने गर्छन् ।

पन्ध्र दिनसम्म मनाइने उधौली साकेलाको अवसरमा खोटाङको मझुवागढीमा भेला भएर किराती पुर्खाहरुले प्रकृतिको पूजा आराधना गरी उधौली चाडको शुरुवात गर्ने चलन छ । किरात ऐतिहासिकस्थल तथा भूमे थानमा पूजा गर्दै जिल्लाका विभिन्न ठाउँमा औपचारिक कार्यक्रमसमेत राखिएको छ ।

वर्षको दुई पटक मनाइने साकेला चाडको उधौलीमा अन्नको सह बसोस्, अनिकाल नलागोस् भन्ने कामनाका साथ प्रकृतिको पूजा गर्ने चलन छ । उधौली र उभौली दुवै चाडमा कुखुराको भाले, चोखो जाँड, रक्सी, अदुवा, पहेँलो रङको चामललगायतका सामग्री प्रयोग गरेर प्रकृतिको पूजा गर्ने प्रचलन रहेको किरात राई यायोख्खा खोटाङका अध्यक्ष युगसन किरातले जानकारी दिए ।

साकेला उधौलीको अवसर पारेर जिल्लाका ऐतिहासिक तथा पर्यटकीयस्थल हलेसी तुवाचुङ नगरपालिकाको तुवाचुङ–जायजुम, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको रुपाकोटगढी, मझुवागढी र मेरुङ, जन्तेढुङ्गाको गाउँपालिकाको जन्तेढुङ्गा र छोंखे, खोटेहाङ गाउँपालिकाको कपासेभञ्ज्याङलगायत साकेला थानमा पूजाबिहीबारा गर्दै साकेला सिली नाच्ने चलन छ । उधौली र उधौलीमा किरात राईको प्रत्येक घरमा तीन चुल्हा पुज्नुका साथै साकेला थानमा पूजाबिहीबारा गरेपछि साकेला गीतको भाका तथा ढोल र झ्याम्टाको तालमा सिली टिप्दै गोलो घेरा हालेर साकेला सिली नाच्ने गरिन्छ ।

दौरा शुरुवाल र टोपीमा सजिएका युवा र गुन्युचोलो, लाछा, सिरबन्दी, चेप्टे सुन, पैसाको हारी माला, नौगेडीजस्ता गहनामा सजिएका युवतीहरू हातमा ढोल, झ्याम्टा र चम्मर बोकेर गीतमा लय मिलाउँदै नाच्न व्यस्त छन् । छातीमा पेचुरी, धजुरी, वाबु, बुन्छत र मुर्चुङ्गा झुन्ड्याएका युवायुवती ढोल झ्याम्टाको तालमा विभिन्न चराचुरुङ्गी र जीवजनावरका हाउभाउ गर्दै नाच्नेको बिहीबार लर्को छ ।

धरानका युवा पुस्ता पनि पछिल्लो समय उधौली, उभौलीजस्ता सांस्कृतिक चाडपर्वमा उत्तिकै रमाउने गरेका छन् । अहिले हरेक साकेला थानमा युवा पुस्ताको बाक्लो उपस्थिति देखिन्छ ।

धरान उपमहानगरपालिका–१४ की निरुता राई साकेलामा साथीसँगै मौलिक गहना र पहिरनमा नाच्ने गरेको बताउँछन् । 'हाम्रा पुर्खाहरूले मान्दै आएको चाडपर्वमा एउटा मुख्य उधौली साकेला पनि हो', उनले भने । धरान–१३ का सरोज किराती भन्छन्, 'हामीले साकेलामा बान्तावा सिलीका रूपमा विभिन्न गीतहरू प्रस्तुत गरेर नाच्ने गर्छौं । आफ्नो संस्कृतिलाई बचाइ राख्नुपर्छ, साकेलाको अवसर पारेर भाइबहिनीलाई साकेला सिली सिकाएर धरानबाहेक अरु ठाउँहरूमा पनि नाच्न जाने गरेका छौँ ।'

उधौली साकेला सांस्कृतिक रूपमा किराती समुदायले अन्नबाली थन्काउने बेलामा भूमिको पूजा गर्ने क्रममा विकास भएको मानिन्छ । हातमा चम्मर, झ्याम्टा बोकेर वरिपरि गोलो घेरामा बसेर विभिन्न खेतीबाली गरेको र चराचुरुङ्गीझैँ अभिनय गर्दै नाच्नुलाई सिली भनिन्छ । हात र खुट्टाको ताल मिलाएर नाचिने सिली पनि समुदायअनुसार फरक फरक हुने किरात राई यायोक्खा सुनसरीका अध्यक्ष राजेन्द्र राईले बताए ।

साकेला विशेषगरी मङ्सिर पूर्णिमामा उधौली र वैशाख पूर्णिमामा उभौलीको बेला नाच्ने गरिन्छ । बुढापाकाको भनाइ अनुसार पूर्वी पहाडी भेगमा उधौली अर्थात् उभौली नाच शुरु हुनुभन्दा अगाडि पितृपूजा (लेवा ) गरिन्छ । पितृलाई पूजा गरिसकेपछि कोशी काटेर जानुहुँदैन भन्ने मान्यता छ ।

यस चाडमा किरात राईहरूले पुर्खालाई सम्झेर सिलीमार्फत सम्मान गर्छन् । किरात समुदायमा पुर्खाहरूको ठूलो स्थान र महत्व छ । वर्षमा दुई पटक उधौली र उभौली पर्व मनाइन्छ । साकेला किरात राईहरूको पहिचानसँग जोडिएको छ । किरात राई समुदायको बाहुल्यता रहेका पूर्वी पहाडी भेग खोटाङ, भोजपुर, सङ्खुवासभा, उदयपुर, सोलुखुम्बु, ओखलढुङ्गा, धनकुटा, इलामलगायतका जिल्लामा साकेला सिली नाच्नेहरू उत्तिकै हुन्छन ।

काठमाडौँमा पनि राई समुदायको बसोबास भएका क्षेत्रमा युवा पुस्ताकै बाक्लो उपस्थितिमा साकेला नाच नाच्ने गर्छन् । काठमाडौँका टँुडिखेल, हात्तीवनलगायतका स्थानमा साकेला नाच्ने गरिन्छ । चार किरात (राई, लिम्बू, सुनुवार र याक्खा) समुदायमा मङ्सिर पूर्णिमालाई बाली थन्क्याउने उधौली र वैशाख पूर्णिमालाई बाली लगाउने समयका रूपमा भव्यताका साथ मनाउने प्रचलन छ ।

सोही प्रचलनअनुसार बिहीबार राईहरूले साकेला–साकेन्वा मनाइरहेका छन् भने लिम्बू समुदायले चासोक तङ्नाम, याक्खाले चासुवा र सुनुवारले फलेस्याँदर मनाइरहेका छन् । उधौलीलाई लिम्बू, सुनुवार र याख्खा समुदायले भव्य उत्सवका रूपमा मनाउँछन् भने राईहरूले मङ्सिर पूर्णिमा अर्थात् उधौलीमा एक दिन साकेला थानमा सिली नाचेर मनाउने गर्छन् । वैशाख पूर्णिमा अर्थात् उभौलीमा भने एक महिनासम्म टोलटोलमा ढोल–झ्याम्टा बजाउँदै साकेला नाच्ने गरिन्छ ।

हरेक वर्षको मङ्सिर पूर्णिमाका दिन मनाइने उधौली पर्व किराती मान्यताअनुसार बिहीबारदेखि हिउँद शुरु भएको मानिन्छ । बुढापाकाको भनाइअनुसार मार्गशीर्ष (मङ्सिर) शुक्ल पूर्णिमाका दिन बाली भित्र्याएको खुसीयालीमा यो पर्व मनाउने गरिन्छ । वैशाख शुक्ल पूर्णिमादेखि चराचुरुङ्गीलगायत भेडीगोठ र नदीका माछा पनि उँभो लाग्ने किरात समुदायको विश्वास छ । रासस

# अबदेखि रत्नपार्कमा निःशुल्क इन्टरनेट चलाउन पाइने

**अच्युत रेग्मी**
**काठमाडौँ ।**
काठमाडौँको रत्नापार्कमा जाडो याममा घाम ताप्दै निःशुल्क इन्टरनेट चलाउन पाइने भएको छ । कुनैबेला अस्तव्यस्त फुटपाथ भएको क्षेत्रका रुपमा स्थापित (शंखधर उद्यान) रत्नपार्क व्यवस्थित बनेसँगै निःशुल्क वाइफाइ सेवासमेत जडान शुरु गरिएको छ ।

महानगरपालिका अन्तर्गतको हरियाली प्रवद्र्धन आयोजनाले नेपाल टेलिकमका छ वटा राउटर ल्याएर रत्नापार्कमा निःशुल्क वाइफाइ जडानको काम गरिरहेको छ । शंखधर उद्यान तथा रानीपोखरी एकाइका टेक्निसियन सुरेशकुमार श्रेष्ठ मङ्सिरभित्रै रत्नपार्कको सबै स्थानमा निःशुल्क इन्टरनेट सेवा प्रदान गरिने बताउँछन् । 'निःशुल्क वाइफाइका लागि नेपाल टेलिकमका छ वटा राउटर ल्याएर ५०० एमबिपिएस क्षमताको इन्टरनेट जडान कार्य भइरहेको छ, चाँडै नै रत्नापार्कभित्र छिर्ने सर्वसाधारणले घाम ताप्दै निःशुल्क इन्टरनेट सेवा लिन सक्नेछन्,' उनी भन्छन् ।

अव्यवस्थित रत्नापार्कलाई काठमाडौँ महानगरपालिकाले आर्थिक वर्ष २०७२–७३ मा करिब ८० लाख रुपैयाँको लागतमा पुनःनिर्माण र व्यवस्थापन गरेपछि रत्नपार्कको मुहार फेरिएको छ भने अहिले रत्नपार्कभित्र छिर्ने सर्वसाधारणको संख्यासमेत बढेको छ ।

काठमाडौँ महानगरपालिकाले रत्नापार्कलाई व्यवस्थित बनाएसँगै अहिले रत्नपार्कमा वृद्धवृद्धा घाम ताप्नदेखि युवायुवती तस्बिर खिच्न र रमाउन पुग्ने गरेका छन् । महानगरपालिकाअन्तर्गतको हरियाली प्रवद्र्धन आयोजनाद्वारा हाल सञ्चालनमा रहँदै आएको रत्नपार्कलाई शंखधर पार्कका रूपमा समेत चिनिँदै आएको छ । महानगरपालिकाले विसं २०७२ असार १५ देखि रत्नपार्क प्रवेशमा शुल्क लिने व्यवस्था गरेको थियो ।

रत्नपार्कभित्र छिर्नका लागि हाल विद्यार्थीलाई २० रुपैयाँ, सर्वसाधारणलाई ३० रुपैयाँ र सार्क राष्ट्र तथा विदेशी पर्यटकलाई १ सय रुपैयाँ लाग्ने गरेको छ । यस्तै व्यक्तिगत क्यामेरा लिएर भित्र प्रवेश गर्नेले १ सय रुपैयाँ, दोहोरी गीत म्युजिक भिडियो सुटिङ गर्न जानुपरेमा पाँच हजार रुपैयाँ, विवाह फोटो सुटका लागि ५ सय रुपैयाँ, व्यावसायिकरूपमा फोटो खिच्नेले एक हजार ५ सय रुपैयाँ र सांस्कृतिक पोशाक झल्काउन जानेले १ सय रुपैयाँ शुल्क तिनुपर्ने व्यवस्था रहेको छ । महानगरले रत्नपार्कबाट हाल वार्षिक ५० लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म आम्दानी गर्दै आएको छ ।

शंखधर उद्यान तथा रानीपोखरी एकाइका प्रमुख उत्तमकुमार घले पछिल्लो सयम रत्नपार्क छिर्नेको संख्या बढेको बताउँछन् । रत्नपार्कभित्र चालू आर्थिक वर्षको साउनदेखि कात्तिक मसान्तसम्म ६१ हजार ५ सय ३७ जना प्रवेश गरेका छन् । तीमध्ये १२ हजार ८ सय ५० विद्यार्थी र ४८ हजार ६ सय ८७ छन् ।

ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र एकल महिलालाई रत्नापार्क प्रवेशमा शुल्क लाग्दैन । महानगरपालिकाले चालू आर्थिक वर्षको साउनदेखि कात्तिक मसान्तसम्मको चार महिनामा १८ लाख १४ हजार ४ सय १० रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

महानगरले रत्नपार्कभित्र क्यामरा लगेवापतको शुल्क दुई हजार ६ सय रुपैयाँ, व्यवसायिक रिलवापत एक हजार ५ सय रुपैयाँ, सर्वसाधारण प्रवेश शुल्क १४ लाख ६० हजार ६ सय १० रुपैयाँ, विद्यार्थी प्रवेश शुल्क दुई लाख ५७ हजार रुपैयाँ, दोहोरी गीत म्युजिक भिडियो सुटिङवापत सात हजार रुपैयाँ, पर्यटक प्रवेश शुल्कवापत ७१ हजार ५ सय रुपैयाँ, ड्राइफुड पिकनिकवापत चार हजार २ सय रुपैयाँ, चलचित्र सुटिङवापत १० हजार रुपैयाँ आम्दानी गरेको छ ।

रत्नपार्कमा हाल दैनिक ५ सयदेखि एक हजार व्यक्ति घुम्न आउने गरेका छन् । शनिबार र बिदाको दिनमा भने त्योभन्दा धेरै हुने गरेको उद्यानका प्रमुख घले बताउँछन् । रत्नपार्कभित्र मानिस घाम तापेर सुखदुःखका गफ गर्ने, स्कुलका विद्यार्थीले खेल्ने, युवायुवती फोटो खिच्न तथा रमाउनका लागि आउने गरेका छन् ।

रत्नपार्कभित्र बस्नका लागि सेट बक्स र कुर्सीको व्यवस्था गरिएको छ । यहाँ सार्वजनिक शौचालयसमेत रहेको छ । यस्तै पार्कभित्र शंखधरको सालिक, पद्मरत्न तुलाधरको सालिक, युनिगार्डेनलगायत रहेको छ ।

उद्यानका प्रमुख घले रत्नपार्कभित्र हाल पानीको अभाव रहेकाले बोटविरुवा संरक्षणमा समस्या परेको बताउँछन् । पानी ट्यांकरमा ल्याएर फूल तथा बोटविरुवालाई हाल्नुपर्ने अवस्था आएको उनको भनाइ छ । उक्त उद्यानमा चाँडै नै पानीको फोहोरासमेत सञ्चालन गर्ने लक्ष्य राखिएको छ । रासस

# स्थायी बसोबासका लागि सङ्घर्ष गर्नेको कथामा आधारित 'पिआर'

**काठमाडौँ ।**
अस्ट्रेलियामा स्थायी बसोबासका लागि सङ्घर्ष गर्ने नेपालीको कथामा आधारित मनोरञ्जनात्मक एवं सन्देशमूलक चलचित्र 'पिआर' यही मङ्सिर २६ गतेदेखि हेर्न पाइने भएको छ ।

निर्देशक शोभित बस्नेतले निर्देशन गरेको सो चलचित्रले सुन्दर भविष्यको सपना बोकेर विदेश जाने नेपालीको सङ्घर्ष, भोगाइ र मेहनतलाई उजागर गर्न सक्दो प्रयास गरेको छ ।

चलचित्र निर्माणका सन्दर्भमा निर्देशक बस्नेतले भने, 'विदेशमा रहेका नेपालीजनले विदेश पुग्न जति सङ्घर्ष गर्नुपर्छ, त्यहाँ स्थापित हुन् पनि त्यत्तिकै मेहनत गर्नुपर्छ ।



हामीले यस चलचित्रमा अस्ट्रेलियाको कथा समावेश गरेका छौँ, अन्य देशमा जानेको पनि हालत यस्तै हो, यसले बिदेशिने सबैलाई समेट्छ, समग्रमा कथावस्तु राम्रो र सन्देशमूलक छ ।'

चलचित्रकी अभिनेत्री विनिता कार्कीले आफूले विद्यार्थीका रुपमा अस्ट्रेलियामा भोगेको समस्यालाई चलचित्रको कथामा पाएको बताए ।

'मैले विद्यार्थीका रुपमा जे भोगेँ वा सङ्घर्ष गरेँ, त्यही कथावस्तुलाई नै चलचित्रमा देखाइएको छ । यो अस्ट्रेलियामा रहेका नेपाली विद्यार्थीको कथा लागेता पनि हरेक देश पुग्ने कै व्यथा यस्तै छ,' अभिनेत्री कार्कीले स्पष्ट गरे ।

चलचित्रमा अभिनेत्री कार्कीसँगै सुरज पौडेल, राजन कुँवर, पुजा चौधरी, आश्मा अधिकारी, विमला खत्री, गणेश बुढाथोकी, म्याक्स कृष्ण थापा, नवीन घायल, नीर शाह, गौरी मल्ल, रवीन्द्र खड्का, उत्तम केसी नेपाल, दिक्पाल कार्कीलगायतका कलाकारले अभिनय गरेको छ ।

चलचित्र मङ्सिर २६ गतेदेखि नेपालसँगै अस्ट्रेलियामा प्रदर्शन हुने निर्देशक बस्नेतले जानकारी दिए ।

# सुदन गुरुङ र रवि लामिछानेबीच भेट



**मधेशदृष्टि**
**काठमाडौँ।**
नख्खु कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफू राज्यको प्रतिशोधको निशाना बनेको दाबी गरेका छन् । जेन्जी अभियन्ता सुदन गुरुङ बिहिवार उनलाई भेट्न कारागार पुगेका थिए।

भेटपछि पत्रकारसँग कुरा गर्दै गुरुङले लामिछानेले आफ्नै मुद्दा र अवस्थाबारे गुनासो व्यक्त गरेको बताए। 'उहाँले आफूमाथि अन्याय भएको र त्यसका विरुद्ध लड्नुपर्ने धारणा राख्नुभयो,' गुरुङले भने।

उनका अनुसार करिब एक घण्टा चलेको भेटमा दुई प्रमुख विषयमा कुराकानी भयो—पहिलो, जेन्जी आन्दोलनप्रति रास्वपाको समर्थन र दोस्रो, लामिछानेमाथि राज्यले प्रतिशोधका साथ व्यवहार गरिरहेको भन्ने आरोपमा गुरुङका 'लामिछानेले हामी जेनजी आन्दोलनको साथमा छौँ, युवाहरूको माग र आन्दोलनमा हाम्रो पूर्ण समर्थन रहनेछ भन्नुभयो।'

भेटमा समसामयिक राजनीतिक अवस्था र वैकल्पिक राजनीतिक शक्तिहरूबीच सम्भावित सहकार्यबारे पनि छलफल भएको गुरुङले बताए।

यसैबीच, सभापति लामिछानेका स्वकीय सचिव अविनाश आचार्यले भेट हुने वातावरण मिलाउन आफूले सहयोग गरे पनि भेटमा सहभागी नहुँदा भित्रका कुराबारे जानकारी नभएको स्पष्ट पारे । 'भित्र म गएनँ। आग्रहपछि भेट हुने वातावरण मात्रै मिलाइदिएको हुँ । भेट साढे २ बजेतिर सुरु भएको थियो,' आचार्यले भने।

# 'तेली समुदाय राजनीतिक दलहरुबाट हेपिए'




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा बस्ने तेली समुदायका अगुवाले आफूहरुलाई राजनीतिक दलहरुले हेपेको आरोप लगाएका छन् । नेपालको जनगणनाका अनुसार आफूहरुको जनसंख्या उल्लेख रहे पनि राजनीतिक दलहरुले सो अनुसार आफूहरुलाई राजनीतिक सिट नदिएको उनीहरुले गुनासो गरे ।

१८ पालिका, ४ संसदीय क्षेत्र, ८ प्रदेश सभा सिट तथा जिल्लाका विभिन्न पदाधिकारीमा समेत आफूहरुलाई हेपेको उनीहरुले गुनासो गरेका छन् । निर्वाचन लड्न टिकट दिनुको सट्टा आफूहरुलाई महाधिवेशन प्रतिनिधिसमेत नबनाएको उनीहरुले आरोप लगाए । उनीहरु भन्छन्, 'राजनीतिक पहुँच भन्दा बाहिर षड्यन्त्रपूर्वक हामीहरुलाई राखिएको छ । आगामी दिनमा आफ्नो जनसंख्याका हिसाबले सबै ठाउँमा स्थान लिन्छौँ ।'

'धनुषामा नेकपा एमालेभित्र तेली समुदायको अस्तित्व योजनाबद्ध रूपमा कमजोर पार्ने खेल धेरै समयदेखि चल्दै आएको छ,' उनीहरुले भने, 'निर्णय–प्रक्रिया, पद–जिम्मेवारी र सहभागिता जहाँ नजर घुमाए पनि तेली दाजुभाइलाई पाखा लगाउने प्रवृत्ति नै हावी छ । अब यो कडुवा सत्य लुकाएर बस्न सकिने स्थिति छैन ।'

तेली समुदायका केन्द्रीय अध्यक्ष विश्वनाथ साहले धनुषा जिल्लामा बहुसंख्यक बास रहेको तेली जातिबाट एउटा पनि महाधिवेशन प्रतिनिधि चयन नगर्नु एमाले नेतृत्व वर्गको ठूलो कमजोरी रहेको बताए । उनले सामाजिक सञ्जाल फेसबुकमा यस्तो धारणा राखेका हुन् ।

पार्टीले चुनावमा नोट पनि यही समुदायबाट लिन्छ, भोट पनि यही समुदायबाट लिन्छ तर चुनाव सकिएपछि अर्कै भाषा बोल्छ । काम निस्कनुपर्ने बेला तेली समुदायलाई उछिने जस्तै व्यवहार गर्ने गरेको नेकपा एमालेआवद्ध तेली जातिका नेताहरुले आरोप लगाए । उनीहरु भन्छन्, 'यो दोहोरो चरित्र अब सह्य छैन ।'

उनीहरुले एमाले भित्र वर्षौँदेखि 'समर्पित कार्यकर्ता' भन्दै रातदिन खटिने तेली समुदायका पछुवा र झोला बोक्नेहरू अब एकपटक आफ्नो वास्तविक स्थिति हेर्नै पर्छ । नेकपा एमालेका नेता जानकी राम साहले धनुषा जिल्लामा १८ पालिका रहेको भए पनि त्यसमध्ये कुनै पनि नगरअध्यक्ष, जिल्ला कमिटीको पदाधिकारी, प्रदेश कमिटीमा तेली समुदायको उपस्थिति नहुनु दुःखद रहेको बताए । उनले भने, 'यो पार्टीमा कुनै पनि नियुक्ति, जिम्मेवारी वा पद प्रतिष्ठाको कुनै ठाउँ छैन, यस विषयमा तेली समुदायका व्यक्तिहरुले सोच्नै पर्छ ।'

उनले नेकपा एमाले पार्टीभित्र तेली समुदायको आवाज सुन्ने मान्छे नरहेको बताए । जिल्लामा राजनीतिक पार्टीहरुले तेली समुदायको अवाज सुनेका छैनन् । उनले भने, '१८ पालिकामा प्रतिनिधि तथा पार्टी पंक्तिमा तेली समुदायको अनुपस्थिति आगामी दिनमा तेली समुदायले आफ्नो सहभागिता पार्टीको हरेक तहमा खोजेका छन् ।'

# पार्टीको महाधिवेशन सार्ने षड्यन्त्र नगर्न चेतावनी



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर गरेका नेताहरूले पार्टीभित्र महाधिवेशनलाई सार्ने वा अवरुद्ध गर्ने कुनै पनि प्रयास सहन नसकिने चेतावनी दिएका छन् । बिहीबार काठमाडौंमा आयोजित १५औँ महाधिवेशन तयारीसम्बन्धी अन्तक्रियामा उनीहरूले नियमित महाधिवेशन रोकिए विशेष महाधिवेशन अपरिहार्य हुने स्पष्ट गर्दै नेतृत्वलाई 'महाधिवेशन टार्ने खेल' नगर्न आग्रह गरे ।

कार्यक्रममा नेता गुरुराज घिमिरेले केन्द्रीय समितिबाट पारित कार्यतालिकामा कुनै प्रकारको हेरफेर भएमा विशेष महाधिवेशनको अवस्थाले जन्म लिने दाबी गरे। उनका अनुसार विशेष महाधिवेशनको दबाबपछि मात्रै पार्टी नेतृत्व आगामी निर्वाचनअघि नियमित महाधिवेशन गर्न राजी भएको हो । घिमिरेले बहुमतको बलमा आफ्नो समूह महाधिवेशनका तयारीमा दृढताका साथ उभिएको बताउँदै यसपटक महाधिवेशनमा आफूहरूको भूमिका निर्णायक हुने दाबी गरे । 'हामी कमजोर छौँ भनेर कोही भ्रममा नपरोस्,' उनले चेतावनी दिए ।

उनले पार्टीले तोकेको कार्यतालिका सफल बनाउन सक्रिय भूमिका खेलेर निर्वाचनका तयारीमा जुट्न नेताकार्यकर्तालाई आह्वान गरे । साथै, जिल्लादेखि क्षेत्रसम्म क्रियाशील भई कुनै बाधा आए एकताबद्ध भएर सामना गर्नुपर्ने उनको भनाइ थियो । नेपाली कांग्रेस सुनसरीले जेनजी आन्दोलनका क्रममा विध्वंसात्मक गतिविधिमा संलग्न कार्यकर्ताको क्रियाशील सदस्यता नवीकरण नगर्ने निर्णय गरेको छ ।

जिल्ला सभापति केदार भण्डारीका अनुसार भदौ २४ गते निजी तथा सरकारी सम्पत्तिमा तोडफोड र आगजनी गर्ने व्यक्तिहरूलाई न त पुरानो क्रियाशील सदस्यता नवीकरण गरिनेछ, न त नयाँ सदस्यता प्रदान गरिनेछ ।

भण्डारीले भने 'भदौ २३ को जेन्जी आन्दोलनमा सहभागी भएकामाथि कुनै कारबाही हुँदैन। तर भोलिपल्ट २४ गते तोडफोड र आगजनीमा संलग्न भएकाहरूको क्रियाशील सदस्यता नवीकरण हुँदैन ।'

उनका अनुसार जिल्ला कार्यसमितिको निर्णय वडा कार्यसमितिबाट कार्यान्वयन हुनेछ । वडास्तरमा क्रियाशील नवीकरण तथा नयाँ वितरणको प्रक्रियामा सम्बन्धित व्यक्तिहरू जेनजी आन्दोलनका तोडफोड वा आगजनी घटनामा संलग्न थिए वा थिएनन् भन्नेबारे विवरण संकलन गरिनेछ ।

कांग्रेसले पुस १६ गतेदेखि अधिवेशन प्रक्रिया सुरू गर्ने तयारी गरेको छ । यसअघि क्रियाशील सदस्यता नवीकरण तथा वितरण कार्य सम्पन्न हुनेछ भने पुस २६ देखि २८ गतेसम्म केन्द्रीय महाधिवेशन सञ्चालन हुने कार्यक्रम छ ।

# सिटीनेट नेपाल राष्ट्रिय अध्यायको राष्ट्रिय बैठक वीरगंजमा सम्पन्न




**मधेशदृष्टि**
**वीरगंज ।**
सिटीनेट नेपाल राष्ट्रिय अध्यायको राष्ट्रिय बैठक वीरगंजमा सम्पन्न भएको छ । बैठकमा देशभरका महानगर, उपमहानगरपालिका तथा नगरपालिकाका प्रमुख–उपप्रमुखहरूको सहभागिता रहेको थियो ।

वीरगंज महानगरपालिकाको आयोजनामा भएको बैठकमा शहरी विकास, प्रदूषण व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण, शहरबीच सहकार्य तथा आगामी वर्षका योजनाबारे विस्तृत छलफल गरिएको थियो ।

बैठकले विपद जोखिम न्यूनीकरण अनुसन्धान तथा शिक्षण केन्द्र स्थापना गर्ने विषयमा सैद्धान्तिक सहमति जनाएको छ । साथै, विपद सम्बन्धी कोष स्थापना, नगरपालिका समूह दर्ता, फोकल पर्सन तोक्ने, हरेक ६ महिनामा नियमित बैठक गर्ने तथा सचिवालय दर्ता गर्ने निर्णय गरिएको नगरप्रमुख राजेशमान सिंहले जानकारी दिनुभयो ।

जेठ महिनामा हुने अर्को बैठक गोदावरी नगरपालिकामा हुने भएको छ । बैठकमा बिपद जोखिम न्यूनीकरण अनुसन्धान तथा शिक्षण केन्द्रका प्रा. डा. आममोदणी दीक्षित र डा. गणेश कुमार जिमीले जोखिम न्यूनीकरण केन्द्रको आवश्यकता र कार्ययोजनाका विषयमा प्रस्तुति दिएका थिए । उनीहरूले प्राकृतिक प्रकोप, लैङ्गिक विभेद, जलवायु परिवर्तन तथा विपद व्यवस्थापनकआ विषयमा स्थानीय तहको जिम्मेवारी र सार्वजनिक सचेतनाको महत्त्वबारे जोड दिएका थिए ।

कार्यक्रमको उद्घाटन सिटीनेट नेपाल अध्यक्ष तथा विराटनगर प्रमुख नागेश कोइराला र वीरगंज प्रमुख राजेशमान सिंहले संयुक्त रूपमा गरेका थिए । कार्यक्रमको सुरुमा काठमाडौं प्रमुख बालेन साहका दिवंगत पिताप्रति मौनधारण गर्दै श्रद्धाञ्जलि अर्पण गरिएको थियो ।

स्वागत मन्तव्य वीरगंज महानगरपालिकाका उप–प्रमुख इम्तियाज आलमले प्रस्तुती गरेका थिए । सिटीनेटमा एसिया–प्रशान्तका १०३ सदस्य रहेका छन् । नेपालमा १६ पालिका सदस्य छन्, जसमा वीरगंज, ललितपुर, भरतपुर, पोखरा, तानसेन, विराटनगर, जितपुर–सिमरा लगायतका पालिका समावेश छन् । सिटीनेटको स्थापना सन् १९८७ मा जापानको टोकियोमा भएको हो ।

समापन सत्रमा नगरप्रमुख राजेशमान सिंहले 'बैठकमा आएका सुझाव र अनुभवहरूले आगामी दिनमा प्रभावकारी काम गर्न मार्गदर्शन गर्नेछ' भन्ने विश्वास व्यक्त गरे । समापन सम्बोधन अध्यक्ष नागेश कोइरालाले गरेका थिए । बैठकको प्रारम्भमा काठमाडौं महानगरका मेयर बालेन्द्र साह (बालेन) का स्वर्गीय बुवाप्रति मौनधारण गर्दै श्रद्धाञ्जलि अर्पण गरिएको थियो । स्वागत मन्तव्य वीरगन्ज महानगरका उपमेयर इम्तेयाज आलमले दिएका थिए ।

एसिया–प्रशान्त क्षेत्रका विभिन्न सहरहरूको एक बलियो सञ्जालको रूपमा स्थापित सिटीनेटले नेपालमा पनि आफ्नो सक्रियता बढाएको छ। नेपालको सिटीनेट नेपाल राष्ट्रिय अध्याय मार्फत यो संस्थाले स्थानीय सरकारहरूलाई दिगो विकास, विपद् व्यवस्थापन र जलवायु परिवर्तनको क्षेत्रमा ज्ञान तथा अनुभव आदानप्रदान गर्न महत्त्वपूर्ण मञ्च प्रदान गर्दै आएको छ।

सिटीनेटमा एसिया भरी १०३ सदस्य रहेका छन् भने जसमध्ये ५३ जना एसोसीएटतर्फका सदस्य , संस्थागततर्फ २ र अन्तराष्ट्रिय संघसंस्था २६ जनना सदस्यका रुपमा रहेका छन् । यसमध्ये नेपालमा भने सिटीनेट नेपाल राष्ट्रिय अध्याय अन्तगर्तत १६ वटा पालिकाहरु सदस्य रहेका छन् । यस्तै ८ वटा एसोसिएट तर्फका सदस्य रहेका छन् ।

# 'कलकतियावाली' सिरियलको टिम चढेको गाडी दुर्घटना



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुर–जटही ६ लेन सडकखण्डमा बिहीबार दिउँसो भएको सवारी दुर्घटनामा चर्चित मैथिली कमेडी युट्युबर 'कलकतियावाली' अविनाश झासहित पाँच जना घाइते भएका छन्। सुटिङका लागि जटही जाँदै गरेको भारतीय नम्बर प्लेटको स्कार्पियो (गए ३२ ज्च् ७०६८) दुर्घटनामा परेको हो।

स्थानीयका अनुसार रूपैठामा ट्राफिक प्रहरीले सडककै बीचमा चेकजाँच गरिरहेकै बेला दुर्घटना भएको हो। ट्राफिक जाँच देखेर एक मोटरसाइकल चालक विपरीत दिशातर्फ भाग्न खोज्दा, त्यसै दिशाबाट आइरहेको कलकतियावाली टिम सवार स्कार्पियोले मोटरसाइकललाई जोगाउन खोज्दा अनियन्त्रित भएर दुर्घटना भएको प्रत्यक्षदर्शी सुनिल यादवले बताए।

दुर्घटनामा अविनाश झा 'कलकतियावाली', श्यामकुमार राम 'एठिंबा', फुलो, अरुण विजयसहित पाँच जना घाइते भएका छन्। सबैको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनापछि स्थानीयवासी ठूलो संख्यामा सडकमा ओर्लिएका थिए। उनीहरूले ट्राफिक प्रहरीमाथि आक्रोश प्रकट गर्दै लखेटेपछि प्रहरीहरू घटनास्थलबाट भागेर ज्यान जोगाएको बताइएको छ।

धनुषाका ट्राफिक प्रहरी प्रमुख सूर्यबहादुर शाहीले भने ट्राफिक प्रहरीको कुनै लापरबाही नरहेको दाबी गरे। उनका अनुसार, 'हामीले चेकपोस्ट बोर्ड राखेर नियमित जाँच गरिरहेका थियौं। मोटरसाइकल चालक चेकजाँचबाट भाग्न खोज्दा स्कार्पियो अनियन्त्रित भई दुर्घटना भएको हो।'

मैथिली भाषामा निर्माण हुने 'कलकतियावाली' सिरियल नेपालका तराई–मधेश र भारतको मिथिलाक्षेत्रमा अत्यन्त लोकप्रिय छ। सुटिङका क्रममा टिम दुर्घटनामा परेकाले सामाजिक सञ्जालमा कलाकारहरूको स्वास्थ्य अवस्थाबारे चिन्ता बढेको छ।

# गुण्डुमा ओली र ईश्वर पोखरेलसहित नेताहरूबीच छलफल

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल तथा अन्य शीर्ष नेताहरूबीच बिहीबार गुण्डुमा महाधिवेशन प्रतिनिधि छनोटसम्बन्धी विवादका विषयमा विस्तृत छलफल भएको छ। पछिल्ला दिनमा विभिन्न जिल्लामा उत्पन्न विवादले पार्टीभित्र तनाव बढेको अवस्थामा नेतृत्वबीचको यो भेट महत्वपूर्ण मानिएको छ।

भेटमा सहभागी उपाध्यक्ष सुरेन्द्र पाण्डेका अनुसार ओखलढुंगा, चितवन, बाँके, बर्दिया, दाङ, सल्यान र डोटी लगायतका जिल्लामा प्रतिनिधि छनोट प्रक्रियामा गम्भीर अनियमितता र असन्तुष्टि देखिएको छ। उनका अनुसार यी विषयहरूबारे वरिष्ठ उपाध्यक्ष पोखरेलसमेतका नेताहरूले अध्यक्ष ओलीको ध्यानाकर्षण गराएका छन्।

छलफलमा ओखलढुंगासहित केही जिल्लामा चयन भएका प्रतिनिधिलाई संगठन विभागले अस्वीकार गर्दै पुनः निर्वाचन गर्न निर्देशन दिएको निर्णयप्रति पोखरेल पक्षका नेताहरूले कडा प्रतिक्रिया जनाएका थिए। एक सहभागी नेताका अनुसार, "दाङमा शंकर पोखरेल समूहनिकटले एकलौटी रूपमा प्रक्रिया अघि बढाएका छन्। सल्यानमा त होटलमै बसेर प्रतिनिधि छनोट गरिएको छ। स्थानीय सदस्यहरूले उजुरी दिएका छन् तर त्यसमा कुनै ध्यान छैन। बरु निर्वाचन सकिएका ठाउँमा पुनः निर्वाचनको निर्देशन पठाइएको छ।"

ओखलढुंगामा पाँच दिनभित्र निर्वाचन प्रक्रिया सुरू गर्ने भनिए पनि जिल्ला कमिटीले मतदान अघि बढाएको छैन। त्यहाँ निर्वाचित १२ प्रतिनिधि सबै पोखरेल पक्षधर थिए । त्यस्तै, दाङ र सल्यानमा महासचिव पोखरेल पक्षधरहरू विजयी भएका थिए।

यसैबीच, पोखरेलले नवगठित नेसनल भोलेन्टियर फोर्सबाट समेत महाधिवेशनका लागि प्रतिनिधि चयन गरिएको भन्दै गम्भीर आपत्ति जनाएका छन्। उपाध्यक्ष पाण्डेका अनुसार, "महाधिवेशन घोषणा भइसकेपछि नयाँ जनसंगठन बनाएर त्यसबाट प्रतिनिधि ल्याउनु कुनै हालतमा स्वीकार्य छैन। यो विषय अध्यक्षलाई भेटेर स्पष्ट गरेका छौँ।" नेताहरूबीचको यो छलफलले विवाद समाधानतर्फ कस्तो दिशा लिन्छ भन्ने विषय अब पार्टीभित्र चासोको केन्द्र बनेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन